# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
## २०७९

## चामुण्डा बिन्द्रासैनी नगरपालिका
### दैलेख




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल


# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## चामुण्डा बिन्द्रासैनी नगरपालिका

## दैलेख




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## चामुण्डा बिन्द्रासैनी नगरपालिका
## दैलेख

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

नेपाल

२०१६

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश**

पत्र संख्याः २०७९।८०

च.नं. : ८८ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुख ज्यू,

चामुण्डा विन्द्रासैनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

दैलेख ।

**कैफियत सहितको राय**

हामीले चामुण्डा विन्द्रासैनी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१० करोड १३ लाख ८७ हजार बेरुजू देखिएको छ । सो मध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू.४४ लाख ४२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६ करोड १७ लाख ७६ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ४४ लाख ८५ हजार र पेश्की रु.६ लाख ८४ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.१५ करोड ७ लाख १४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २५ करोड २१ लाख १ हजार रहेको छ । नगरपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# चामुण्डा विन्द्रासैनी नगरपालिका, दैलेख

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

***(रु. हजारमा)***

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५६ | १६८ | १०१३८७ | ० | ० | ० | ५६ | १६८ | १०१३८७ | ४४४२ | ३४४८५ | ६१७७६ | ० | ० | ९६२६१ | ६८४ |

### 1.2 प्रतिक्रियाबाट फस्र्यौट गरिएका दफाहरुको स्विकृत विवरण

| **क्र.सं** | **प्रारम्भिक प्रतिवेदनको दफा नं.** | **छोटकरी व्यहोरा** | **रकम रु.** |
|---|---|---|---|
| ० | ० | ० | ० |
| | | | |
| | | | |
| | | | |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

***(रु. हजारमा)***

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| चामुण्डा विन्द्रासैनी नगरपालिका दैलेख | १५०७१४ | ० | ० | १५०७१४ | ० | १०१३८७ | २५२१०१ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : चामुण्डा विन्द्रासैनी नगरपालिका, दैलेख , चामुण्ड बिन्द्रसैनी नगरपालिका , दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | श्याम बहादुर रावत | २०७९-५-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पुर्ण प्रसाद आचार्य | २०७७-१२-१६ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १०१,३८६,६५४.१९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६,४८,८४,००२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३८,०१,५२,४२० | **चालु खर्च** | ३१,४५,०३,५८४ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,८०,३९,००० | **पूँजीगत खर्च** | १४,२२,७२,९१२ |
| **राजश्व बाँडफाँट** | ७,६५,६०,७३५ | **वित्तीय/अन्य व्यवस्था** | १९,४५,८२,४६० |
| **आन्तरिक आय** | ४७,७५,०४० | | |
| **अन्य आय** | १५,७९,४४,५६७ | | |
| **कुल आय** | ६६,७४,७१,७६२ | **कुल खर्च** | ६५,१३,५८,९५६ |
| **बाँकी मौज्दात** | | ८,०९,९६,८०८ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ४८ सभा सदस्य, ९०.६ वर्ग किलोमिटर क्षेत्रफल तथा २६ हजार २४० जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षण<br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, <u>आन्तरिक लेखापरीक्षण प्रतिवेदन</u> र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>वित्तीय विवरण विश्लेषणः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः<br>प्राप्ती भुक्तानी हिसाव
<table>
<tr><th>विवरण</th><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/ भुक्तानी</th><th>आफैले गरेको प्राप्ति/ भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td>५६०२९१९३१</td><td>५१२१३२१९२</td><td></td><td>५१२१३२१९२</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td>५१२४७३८८९</td><td>५०९५७०६३२</td><td>०</td><td>५०९५७०६३२</td></tr>
<tr><td>११००० कर</td><td>८०७८२४६९</td><td>७७७०४१७२</td><td>०</td><td>७७७०४१७२</td></tr>
<tr><td>१३००० अनुदान</td><td>४२९५९१४२०</td><td>४२८१९१४२०</td><td>०</td><td>४२८१९१४२०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय सरकार | ३८१५५२४२० | ३८०१५२४२० | ० | ३८०१५२४२० | | |
| | | | | प्रदेश सरकार | ४८०३९००० | ४८०३९००० | ० | ४८०३९००० | | |
| | | | | १४००० अन्य राजस्व | २१००००० | ३६७५०३९ | ० | ३६७५०३९ | | |
| | | | | ख. अन्य प्राप्ति | ४७८१८०४२ | २५६१५६० | | २५६१५६० | | |
| | | | | वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | | |
| | | | | कोषहरु | ४७८१८०४२ | २५४३०२१ | ० | २५४३०२१ | | |
| | | | | धरौटी | ० | १८५३९ | ० | १८५३९ | | |
| | | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | | |
| | | | | भुक्तानी (ग+घ) | ५८७२८९६७९ | ४९६०००९४४ | | ४९६०००९४४ | | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | ५३९४७१६३७ | ४५६७७६४९६ | | ४५६७७६४९६ | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | १५१८२१६१० | १३८१११६२१ | ० | १३८१११६२१ | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | ६२९०६५७९ | ५५३५९३७१ | ० | ५५३५९३७१ | | |
| | | | | २५००० सहायता (Subsidy) | ८६८६७२०० | ७४५२५६९० | ० | ७४५२५६९० | | |
| | | | | २६००० अनुदान | १०००० | १०००० | ० | १०००० | | |
| | | | | २७००० सामाजिक सुरक्षा | ६००५३००० | ४०४६९८०५ | ० | ४०४६९८०५ | | |
| | | | | २८००० अन्य खर्च | ६५४५२०० | ६०२७०९८ | ० | ६०२७०९८ | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १७१२६८०४८ | १४२२७२९१२ | ० | १४२२७२९१२ | | |
| | | | | घ. अन्य भूक्तानी | ४७८१८०४२ | ३९२२४४४८ | | ३९२२४४४८ | | |
| | | | | कोषहरु | ४७८१८०४२ | ३८०२००८६ | ० | ३८०२००८६ | | |
| | | | | धरौटी | ० | १२१६०२८ | ० | १२१६०२८ | | |
| | | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | | |
| | | | | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | -११६६६ | | -११६६६ | | |
| | | | | ङ. यो वर्षको बचत (न्युन) | -२६९९७७४८ | १६१३१२४८ | | १६१३१२४८ | | |
| | | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ६४८८४००२ | | ६४८८४००२ | | |
| | | | | वर्षान्तको बाकी रकम (ङ + च) | -२६९९७७४८ | ८१०१५२५० | | ८१०१५२५० | | |
| | | | | | | | | | | |
| | | | | बैंक तथा नगद बाकी | | ८०९९६८०८ | | ८०९९६८०८ | | |

**कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा प्राप्त**



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|

| बजेट उपशिर्षक | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| ३१४०१०१२३ | १०४७०६५०४ | १०४७०६५०४ | १०४७०६५०४ |
| ३३६००१०२३ | ४६४००० | २८०००० | २८०००० |
| ३७०००११६४ | ४५४९१००० | २७३७३१४५ | २७३७३१४५ |
| ३२९००१०७४ | २०००००० | १७०३००० | १७०३००० |
| जम्मा रु | १५२६६१५०४ | १३४०६२६४९ | १३४०६२६४९ |

**प्रदेश लेखा ईकाई कार्यालय बाट निकासा प्राप्त**

| बजेट उपशिर्षक | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| ३१४०००११३ | १६००००० | १६००००० | १६००००० |
| ३०१००१०२४ | २४६१४००० | १८५१३३७९.१० | १८५१३३७९.१० |
| जम्मा रु | २६२१४००० | २०११३३७९ | २०११३३७९<br>२०११३३७९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३.१</td><td></td><td></td><td>फरक हिसाब– यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.३,६२,५०,९४१।९६ , यस वर्षको प्राप्ति रु. १५,५३,३९,५७०।-, यस वर्षको भुक्तानी रु. १५,५३,५८,०१२।- र बैङ्क मौज्दात रु.५,३६,१६,३३६।२ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>गतवर्षको जिम्मेवारी</th><th>यसवर्षको प्राप्ति</th><th>यसवर्षको भुक्तानी</th><th>बैङ्क मौज्दात</th></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)</td><td>६४८८४००२</td><td>५१२१३२१९२</td><td>४९६०००९४४</td><td>८०९९६८०८</td></tr>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>२८६३३०६०.०४</td><td>६७७४७१७६२</td><td>६५१३५८९५६</td><td>२७३८०४७१.८</td></tr>
<tr><td>फरक</td><td>३६२५०९४१.९६</td><td>१५५३३९५७०.००</td><td>१५५३५८०१२.००</td><td>५३६१६३३६.२०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३.२</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता- पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १०,४७,०६,५०४।-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२,७३,७३,१४५।-, स्वच्छ वातावरण कार्यक्रमको रु. १७,०३,०००।-, गरिब सँग विशेश्वर कार्यक्रमको रु. २,८०,०००।-, मुख्यमन्त्रि रोजगार कार्यक्रमको रु. १,८५,१३,३७९.१०।- र आन्तरिक मामिला तथा कानुन मन्त्रालयको रु. १६,००,०००।- समेत गरी रु.१५,४१,७६,०२८।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.३ | | | **बैक हिसाब मिलान नगरेको:** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा म.ले.प.फा.नं. २७२ को अनुसुची २४ अनुसार स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार श्रेस्तामा भन्दा बैंकमा रु. २,२६,६०,६८८।- घटि रकम देखिएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्ने रु. | २२,६६०,६८८ |

| खाताको नाम | श्रेस्ता अनुसार | बैंक स्टेटमेण्ट अनुसार | फरक |
|---|---|---|---|
| ग २.१ चालू खर्च खाता- विजोर वर्ष | १४६९०४७३.२५ | ९०२०५२६.२५ | ५६६९९४७ |
| ग २.३ पूँजिगत खर्च खाता- विजोर वर्ष | ८८३२८२४.८ | १८३५९९४५.५५ | ९५२७१२१ |
| ग २.७ विविध खर्च खाता | २९९५६६. | ० | २९९५६६ |
| ग ३.१ स्थानीय तह धरौटी खाता | १३०२८८९.४ | ३४१३८१२ | २११०९२३ |
| ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ५५७६४०६१.३५ | २७३८०४७१.८ | २८३८३५९० |
| ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १०६९९३. | १६१३६४.१३ | ५४३७१ |
| जम्मा | | | २२६६०६८८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.४ | | | **जिम्मेवारी फरक परेको**– स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. २,९८,२०,२४०।- मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ६,४८,८४,००२।- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ३,५०,६३,७६२।- बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्दछ । | |
| ३.५ | | | **सञ्चित कोषमा स्थानान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालू खर्च खातामा रु. ९०,२०,५२६।२५, पूँजिगत खर्च खातामा रु. १,८३,५९,९४५।५५ र स्थानीय तह प्रकोप व्यवस्थापन कोष खातामा रु. १,६१,३६४।१३ समेत गरी रु. २,७५,४१,८३५।९३ मौज्दात राखेको पाईयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ताः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.१ | | | **विविध कोषमा जम्मा:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघिय कोषबाट वित्तीय हस्तान्तरण भएको रकम सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्ष भित्र फिर्ता गर्नुपर्ने उल्लेख छ । पालिकाले आर्थिक वर्षको अन्त्यमा खर्च नभएको रकम फिर्ता गर्नु पर्नेमा विविध कोषमा जम्मा गरेको देखियो । नियम विपरित फिर्ता गर्नुपर्ने रकम कोषमा सारेको नियम सम्मत छैन । सार्नै नमिल्ने रकम सार्न सिफारिस गर्ने र सार्ने दुवैलाई जिम्मेवार बनाई उक्त रकम सम्बन्धित संचितकोषमा फिर्ता हुनुपर्ने रु. | ७,२४२,७५४ |

| क्र.सं. | ट्रान्सफर गरेको खर्च शिर्षक | खर्च स्रोत | ट्रान्सफर रकम |
|---|---|---|---|
| १ | विद्यालय शैक्षिक गुणस्तर | सशर्त संघ | १८५२५४ |
| २ | विपद व्यवस्थापन | सशर्त संघ | १०००० |
| ३ | पकेट विकास कार्यक्रम | सशर्त संघ | ४८५०० |
| ४ | जय सेवा आधारभुत विद्यालय | सशर्त संघ | ४५३००० |
| ५ | कर्णाली विन्दासैनी लिफ्ट खानेपानी | समपुरक | ५६२०००० |
| ६ | शहरी स्वास्थ्य क्लिनिक भवन वडा नं.७ | सशर्त संघ | १२६००० |
| ७ | शहरी स्वास्थ्य क्लिनिक भवन वडा नं.९ | सशर्त संघ | १२६००० |
| ८ | विद्यालय कक्षाकोठा निर्माण | सशर्त संघ | १६०००० |
| ९ | झोलुंगे पुल | सशर्त संघ | ७२००० |
| १० | जनता आधारभुत विद्यालय | सशर्त प्रदेश | ११५००० |
| ११ | स्वास्थ्य चौकी भवन निर्माण | विशेष प्रदेश | ९०००० |
| १२ | बुढाखोला तुल्सीसेरा सिचाई | सशर्त प्रदेश | १५६००० |
| १३ | देउती आ वि | सशर्त प्रदेश | ८१००० |
| | जम्मा | | ७२४२७५४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.२ | | | **अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०७९।४।८ मा रु. ५,१५,०२,९०८।- फिर्ता गरेको पाइएको । समयमै अनुदान फिर्ता गर्नुपर्दछ । | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।<br>:<br>· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>· वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>· कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाईएन ।<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुँदा सार्वजनिक सेवा प्रवाह र आर्थिक प्रशासन कमजोर भई कार्य प्रभावकारितामा प्रत्यक्ष असर पर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **बजेट तथा कार्यक्रमः** | |
| ६.१ | | | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ६.२ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.३ | | | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. ४७,७५,०३९।- राजस्व बाँडफाँट र अनुदानबाट रु. ९,६५,६५,३३९।- समेत रु १०,१३,४०,३७८।- हजार आम्दानी भएकोमा चालु तर्फ रु. ३१,४५,०३,५८४।- र पूँजिगत तर्फ रु. १४,१२,७२,९१३।- समेत रु. ४५,५७,७६,७९६।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.२०७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ८१,९९,०००।- खर्च भएको छ जुन आन्तरिक आयको १७१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७० प्रतिशत चालु र ३० प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ६.४ | | | **त्रैमासिक खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | चालु खर्च तर्फ | ३१४५०३५८४ | ३९७९४२६५ | ४५७९४२६५ | ४६२९४२६५ | ४७२९४२६५ | १३५३२६५२४ |
| २ | पूँजिगत खर्च तर्फ | १४२२७२९१३ | ८९१८७१९ | १४९१८७१९ | १५४१८७१९ | १५४१८७१९ | ८६५९८०३७ |
| | जम्मा खर्च | ४५६७७६४९६ | ४८७१२९८४ | ६०७१२९८४ | ६१७१२९८४ | २८४६३७८४५ | २२१९२४८६१ |
| जम्मा खर्चको तुलनामाः | | | ११ | १३ | १४ | ६२ | ४९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ४५,६७,७६,४९६।- निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ४,८७,१२,९८४।- अर्थात ११ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ६,०७,१२,९८४।- अर्थात १३ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. ६,१७,१२,९८४।- अर्थात १४ प्रतिशत र चौथो त्रैमासिकमा रु. २८,४६,३७,८४५।- अर्थात ६२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २२,१९,२४,८६१।- अर्थात ४९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.५ | | | **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री तारा कुमारी शाही खत्रीले मिति २०७८।०३।१० गते रु. ४७ करोड २० लाख ४ हजार ७७९ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ६.६ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । (तलको तालिका हेर्नुहोस्) | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ४९९०७९२० | ३५१९८१०२ | ७.७१ |
| २ | पूर्वाधार विकास | २९१८२००० | २५७१९६६२.८२ | ५.६३ |
| ३ | सामाजिक विकास | ३५६४४८७२७.८ | ३०५२५२५६१.९२ | ६६.८३ |
| ४ | बातावरण तथा विकास | ३३५००० | २६६०२२ | ०.०६ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २०५९०२१० | १७९२०९६१.२ | ३.९२ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ८३००७७७९ | ७२४१९१८६.२८ | १५.८५ |
| जम्मा | | ५३९४७१६३६ | ४५६७७६४९६.२२ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये रकम रु. ५३,९४,७१,६३६।- मा सबैभन्दा बढी सामाजिक विकासमा ६७ प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटीमा ०.०६ प्रतिशत खर्च रहेको छ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७</td><td></td><td></td><td>ठेक्का व्यबस्थापनः<br>सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । पालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः<br>
<table>
<tr><th>कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">सिलबन्दी दरभाउपत्र</th><th colspan="2">बोलपत्र</th></tr>
<tr><th></th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१७६१२३२७</td><td>०</td><td>0</td><td>१</td><td>९०४००००</td><td>५</td><td>८५७२३२६</td></tr>
</table></td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापनः</td><td></td></tr>
<tr><td>८.१</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा ४२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित २९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित १३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.२</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी अनुसार पदपूर्ति नभई ७ वडामा रिक्त रहेको पाइयो । पञ्जिकरण लगायत वडाको सेवा प्रवाहमा असर पर्ने देखिएकोले रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br>
<table>
<tr><th>वडा संख्या</th><th>वडा सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr>
<tr><td>९</td><td>९</td><td>२</td><td>७</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८.३</td><td></td><td></td><td>कर्मचारी करार: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. ५८,४३,७२०।- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>पद</th><th>नियुक्ति संख्या</th><th>तलव भत्ता रु.</th></tr>
<tr><td>प्रशासन सहायक</td><td>४</td><td>१४८७७२०</td></tr>
<tr><td>अ.हे.ब.</td><td>१४</td><td>३१०८०००</td></tr>
<tr><td>स.क.अ</td><td>४</td><td>१२४८०००</td></tr>
<tr><td colspan="2">जम्मा रकम रु</td><td>५८४३७२०</td></tr>
</table>
</td><td>५,८४३,७२०</td></tr>
<tr><td>८.४</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष प्रोत्साहन भत्ता रु. १४,४१,०७४।- खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.</td><td>१,४४१,०७४</td></tr>
<tr><td>८.५</td><td></td><td></td><td>कल्याण कोष– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोष वापतको रु १४,२१,६६८।- विविध खर्च खातामा जम्मा गरेको छ । बजेट विनियोजन गरेपनि सो रकम सम्बन्धित कोषमा जम्मा नगरी कोषको खाता सञ्चालन भएको छैन । उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट ऐन कानून तर्जुमा भएको देखिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **सेवाप्रवाहको स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १५ वटा ऐन, ५ वटा नियमावली र ३५ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १५७६ |
| मृत्युदर्ता | १७३ |
| बसाईसराई दर्ता | ३२५ |
| विवाह दर्ता | ३८८ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पुर्वाधार निर्माणको लक्ष्य सहित प्रगति हासिल गर्नुपर्नेमा पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । वस्ति विकासको कामलाई व्यवस्थित गर्न घर नक्सा पासलाई प्राथमिकता दिनु का साथै पालिकाको पूर्वाधार निर्माणमा जोड दिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **योजना छनौट र कार्यान्वियन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><br>रु १ लाख सम्म: २७४; रु १ लाख देखि २ लाखसम्म: ७९; रु २ लाखदेखि ५ लाखसम्मका: ४६; रु ५ लाख देखि १० लाख सम्म का: २०; रु १० लाख भन्दा बढीको: ३६; जम्मा: ४५५<br><br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख देखि ५० लाख सम्मका जम्मा ४५५ वटा योजना संचालन गरेकोमा रु. १ लाख भन्दा मुनिका मात्र २७४ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| ११ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १२ | | | **कानून निर्माण एवं कार्यान्वयनः** | |
| १२.१ | | | **कानून र सञ्चालन स्थिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, ५ वटा नियमावली, ३५ कार्यविधि लगायत ५७ वटा कानुन निर्माण गरी कार्यान्वियनमा ल्याएको छ । साथै पालिकाले ५७ वटा कानूनहरु निर्माण गरी सभा तथा कार्यपालिकाबाट स्वीकृत गरेको उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको देखिएको छ । | |

Nested table in row १०:

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५ लाख देखि १० लाख सम्म का | रु १० लाख भन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| २७४ | ७९ | ४६ | २० | ३६ | ४५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.२ | | | **न्यायीक समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कुनै पनि प्रकारको उजुरी नभएको पाईयो । | |
| १३ | | | **आर्थिक सहायता र अन्य विविध खर्चः** | |
| १३.१ | | | **महोत्सव तथा अन्य खर्चः** स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिँदैन । पालिकाले यस वर्ष कुल सडक नाटक, देउडा जस्ता उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. ४,३५,९००।- खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| १३.२ | | | **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. २४,२६,०००।- खर्च गरेको छ । कानून बनाएर मात्र यस्तो खर्च गर्नुपर्दछ । | |
| १३.३ | | | **आर्थिक सहायता**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यस वर्ष रु. ४,६१,०००।- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायताको स्पष्ट मापदण्ड बनाएर मात्र खर्च गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४</td><td></td><td></td><td>धरौटी फिर्ताः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२)क मा विल विजकको भुक्तानीमा कट्टि गरिएको रिटेन्सन मनि वापतको ५ प्रतिशतले हुने रकम धरौटी फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न उल्लिखित फर्म तथा कन्स्ट्रक्सन को धरौटी फिर्ता गर्दा सम्बन्धित फर्मको मुल्य अभिबृद्धी कर समायोजन पत्र संलग्न नगरी धरौटी फिर्ता गरेको देखिएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं। मिति</th><th>फर्मको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>२।२०७८।७।११</td><td>शुभलक्ष्मी निर्माण सेवा</td><td>८०८०४</td><td>कर समायोजन</td></tr>
<tr><td>७।२०७८।८।१९</td><td>शुभलक्ष्मी निर्माण सेवा</td><td>१११४९२</td><td>कर समायोजन</td></tr>
<tr><td>८।२०७८।१०।२५</td><td>सफल निर्माण सेवा</td><td>५६८३१४</td><td>कर समायोजन</td></tr>
<tr><td>९।२०७९।१।२२</td><td>विजय कन्स्ट्रक्सन</td><td>३४५७७९</td><td>कर समायोजन</td></tr>
<tr><td colspan="2">जम्मा रु</td><td>११०६३८९</td><td></td></tr>
</table></td><td>१,१०६,३८९</td></tr>
<tr><td>१५</td><td></td><td></td><td>एक जन प्रतिनिधि एक वन कार्यक्रमः<br>एक जनप्रतिनिधि एक वन कार्यक्रम अन्तर्गत ९ वटै वडामा रु. १,००,०००।- का दरले बजेट विनियोजन गरी वन हेरालु राखेको भनी पारिश्रमिक भुक्तानी गरेको पाइयो । सामुदायिक वनमा डिभिजन वन कार्यालयबाट नर्सरी, विरुवा, छटनी कटनी योजना निर्माण लगायतका बजेट खर्च हुन्छ भने सामुदायिक वन उपभोक्ता समूहले घाँस दाउरा काठ विक्री गरी आय आर्जन समेत गरेको हुन्छ, यस्तो अवस्थामा पालिकाबाट वर्षै पिच्छे ९ लाखको दरले बजेट खर्च भएकोमा नियमसम्मत देखिएन । अनुत्पादक खर्च गर्ने कार्य नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>शालिक निर्माण:<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(३) मा पालिकाले योजना बनाउदा आर्थिक विकास तथा गरीवि निवारण, उत्पादनमुलक, रोजगारी अभिवृद्धि, दिगो विकास जस्ता विषयमा प्राथमिकता दिनुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष शालिक निर्माणमा निम्नानुसार रु. २८,८३,१२८।- खर्च गरेको देखिएको छ । आर्थिक विकास तथा गरीवी निवारण, उत्पादनमुलक, रोजगारी अभिवृद्धि, दिगो विकास जस्ता विषयलाई प्राथमिकतामा राखि योजना निर्माण गरिनुपर्दछ ।<br>
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं. मिति</th><th>विवरण</th><th>भुक्तानी</th></tr>
<tr><td>१</td><td>३६५-२०७९।३।१९</td><td rowspan="2">अमर सिंह ढोलीको शालिक जम्मा लागत १०,७८,०००</td><td>१९३८८८</td></tr>
<tr><td>२</td><td>१९-२०७९।१।५</td><td>१७८०००</td></tr>
<tr><td>३</td><td>९२-२०७९।१।५</td><td rowspan="2">शहिदका शालिक</td><td>२४२५००</td></tr>
<tr><td>४</td><td>१६-२०७८।८।१३</td><td>२२६८७४०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२८८३१२८</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको तथा अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>सम्पत्ति व्यवस्थापनः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार पालिकाले सम्पत्तिको व्यवस्थित अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युट, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईएन । हस्तान्तरण भई आएको र खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । साथै नेपाल सरकारको २०७७।७।२० को निर्णय अनुसार लागू भएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली आंशिक मात्र प्रयोग गरेको पाइएकोले सम्पत्ति व्यवस्थापनमा आवश्यक सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>पेश्की बाँकीः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९.१</td><td></td><td></td><td>म्याद ननाघेको पेश्की - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विकास टिडिआर सिभाको जे भि लाई १५ शैया अस्पताल निर्माणको लागि रु. १,४४,००,०००।- पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९.२</td><td></td><td></td><td>म्याद नाघेको पेश्की :आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व नियमावली, २०७७ को नियम ४७(४) बमोजिम पेश्की फर्स्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फर्स्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक १०% का दरले ब्याज लगाई समेत असुल गरिने भन्ने उल्लेख छ । प्राप्त विवरण अनुसार पेश्की फर्स्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फर्स्यौट हुनुपर्ने रू.
<table>
<tr><th>सि.नं.</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</th><th>म्याद नाघेको</th></tr>
<tr><td>१</td><td>नवीकरणीय ऊर्जा प्रवधि जडान</td><td>नारायण बहुउद्धेश्यिय सहकारी संस्था लि.</td><td>१,००,०००.००</td></tr>
<tr><td>२</td><td>पादुकाखोला झो.पु., दुल्लु-९</td><td>पादुकाखोला (दोगाडखोला) झो.पु.निर्माण उपभोक्ता समिति</td><td>४,०२,१७१.८२</td></tr>
<tr><td>३</td><td>कडंगेखोला वाँकी खानेपानी पाइप खरिद</td><td>कडंगेखोला बाँकी खानेपानी पाईप खरिद उ.स.</td><td>३२,०००.००</td></tr>
<tr><td>४</td><td>जनप्रतिनिधी तथा कर्मचारीको भ्रमण खर्च</td><td>लक्ष्मीराज विष्ट</td><td>५०,०००.००</td></tr>
<tr><td>५</td><td>सभा सञ्चालन खर्च नगरसभा</td><td>खगेन्द्र बहादुर शाही</td><td>१,००,०००.००</td></tr>
<tr><td colspan="3">कुल जम्मा</td><td>६८४१७१.८२</td></tr>
</table></td><td>६८४,१७१.८२</td></tr>
<tr><td>१९.३</td><td></td><td></td><td>अग्रिम पेश्की जमानत: सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११३ मा निर्माण व्यवसायीलाई सम्झौता बमोजिम भुक्तानी गरिएको पेश्की नियम ११३(५) बमोजिम प्रत्येक रनिङ्ग विलबाट कट्टा गर्नुपर्ने तथा नियम ११३(४) मा पेश्की फर्स्यौट गर्नुपर्ने अवधि भन्दा एक महिना बढीको पेश्की जमानत हुनुपर्ने उल्लेख छ । पालिकाले पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास गर्न टिडिआर जालुकेनी जुगल जे भी लाई रु.७९,२०,०००।– पेश्की रकम भुक्तानी गर्दा पेश गरेको कृषि विकास बैंक APG: 0102.0012.5450.21 को अग्रिम पेश्की जमानतको म्याद २०७८।१२।१० मा सकिएकोमा २०७९।१।२५ मा मात्र पेश्की फर्स्यौट गरेको देखिएकोले अग्रिम पेश्की जमानतको म्याद थप नगरी जोखिममा राख्ने पदाधिकारीलाई जिम्मेवार बनाईनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **सवारीसाधन खरिदः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नुपर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान चार पांग्रे सवारी साधन खरिदमा रु. ३५,३८,४९९।- बजेटबाट खर्च गरेको छ । निर्देशिकाको पालना नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ । | |
| २१ | | | **मापदण्ड विपरीत सवारी खरिदः**<br>कर्णाली प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी. निर्देशिका, २०७५ को दफा ११(ङ) मा कार्यालय प्रयोजनका लागि १६० सि सि सम्मको मात्र मोटरसाईकल खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले उक्त कार्यविधि भन्दा विपरीत २२० सिसि को पल्सर मोटरसाईकल खरिद गरी असिम अटो पार्ट सुर्खेतलाई रु.३,६१,०००।-भुक्तानी गरेकोले उक्त खर्चलाई नियम सम्मत नभएको रु. | ३६१,००० |
| २२ | | | **करार कर्मचारीलाई भत्ता भुक्तानीः**<br>अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ को ७.१.५ मा खर्चमा मितव्ययिता कायम गर्ने अन्य व्यवस्थाहरु सम्बन्धी व्यवस्था अन्तर्गत अस्थायी, करार वा ज्यालादारीमा कुनै कर्मचारी नियुक्त गर्न परेमा त्यस्तो कर्मचारीले कुनै पद विशेषले पाउने पारिश्रमिक वा सुविधा सरह पाउने नभनी निजले मासिक रुपमा पाउने पारिश्रमिक र सुविधाको रकम तथा नियुक्ति हुने अवधि समेत स्पष्ट तोकेर नियुक्ति गर्नु पर्दछ र सोही बमोजिम सुविधा दिन सक्ने व्यवस्था छ साथै करारमा कार्यरत कर्मचारीहरुलाई कुनै पनि किसिमका भत्ता भुक्तानी दिन पाउने व्यवस्था छैन । पालिकाले निम्न कर्मचारीहरुलाई स्थानीय भत्ता र महंगी भत्ता भुक्तानी गरेकोले सो रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | ६२८,९२० |

| सि नं | नाम | पद | स्थानीय भत्ता | महंगी भत्ता | जम्मा भुक्तानी रु |
|---|---|---|---|---|---|
| १ | काश बिक्रम शाही | सब इन्जिनियर | ५,५१० | २,००० | ४५०६० |
| २ | श्री प्रकाश शाही | सब इन्जिनियर | ५,५१० | २,००० | ४५०६० |
| ३ | श्री लक्ष्मी प्रसाद रेग्मी | अ.सब इन्जिनियर | ४,६०० | २,००० | ३९६०० |
| ४ | श्री खगेन्द्र बहादुर शाही | अ.सब इन्जिनियर | ४,६०० | २,००० | ३९६०० |
| ५ | श्री मोति कुमारी सुनार | अ.सब इन्जिनियर | ४,६०० | २,००० | ३९६०० |
| ६ | श्री गोबिन्द्र प्रसाद सुबेदी | प्रशासन सहायक | ४,६०० | २,००० | ३९६०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ७ | श्री हिरालाल आचार्य | प्रशासन सहायक | ४,६०० | २,००० | ३९६०० | | |
| | | | | ८ | श्री खगेन्द्र बहादुर शाही | प्रशासन सहायक | ४,६०० | २,००० | ३९६०० | | |
| | | | | ९ | श्री नेत्र बहादुर खड्का | प्रशासन सहायक | ४,६०० | २,००० | ३९६०० | | |
| | | | | १० | श्री रमेश कुमार रेग्मी | कार्यालय सहयोगी | - | २,००० | १२००० | | |
| | | | | ११ | श्री निर्मल तामाङ | कार्यालय सहयोगी | - | २,००० | १२००० | | |
| | | | | १२ | श्री बम बहादुर रोकाया | कार्यालय सहयोगी | | २,००० | १२००० | | |
| | | | | १३ | श्री लोकेन्द्र बहादुर खड्का | कार्यालय सहयोगी | - | २,००० | १२००० | | |
| | | | | १४ | श्री बिनोद कुमार नेपाली | कार्यालय सहयोगी | - | २,००० | १२००० | | |
| | | | | १६ | श्री छत्र प्रसाद रेग्मी | कार्यालय सहयोगी | - | २,००० | १२००० | | |
| | | | | १७ | श्री बसन्त बहादुर बिष्ट | कार्यालय सहयोगी | - | २,००० | १२००० | | |
| | | | | १८ | श्री भरत बिष्ट | कार्यालय सहयोगी | | २,००० | १२००० | | |
| | | | | १९ | श्री माधव प्रसाद चौलागाई | कार्यालय सहयोगी | - | २,००० | १२००० | | |
| | | | | २० | श्री कृष्ण बहादुर बुढा | कार्यालय सहयोगी | - | २,००० | १२००० | | |
| | | | | २१ | श्री रत्न बहादुर सुनार | कार्यालय सहयोगी | - | २,००० | १२००० | | |
| | | | | २२ | श्री दिपेन्द्र बहादुर बि.क. | कार्यालय सहयोगी | - | २,००० | १२००० | | |
| | | | | २३ | श्री हिम बहादुर जि.सी. | कार्यालय सहयोगी | - | २,००० | १२००० | | |
| | | | | २४ | श्री पदम बि.क. | गाडी चालक | ३,५०० | २,००० | ३३००० | | |
| | | | | २५ | श्री रमेश बहादुर शाही | अमिन | ४,६०० | २,००० | ३९६०० | | |
| | | | | २६ | श्री गणेश बहादुर बुढा | गाडी चालक | ३,५०० | २,००० | ३३००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २७ | नगेन्द्र कुमार शाही | कम्युटर अपरेटर | ४,६०० | २,००० | ३९६०० | | |
| | | | | २८ | प्रेम बहादुर खड्का | गाडी चालक | ३,५०० | २,००० | ३३००० | | |
| | | | | जम्मा रु | | | | | ६२८९२० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **विल भरपाई वेगर भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व नियमावली, २०७७ को नियम ३९( ५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्याई गर्ने बील भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । यसका साथै सोही नियमावलीको ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बील, भरपाई, र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने कुरा उल्लेख गरेको छ । पालिकाले निम्न उल्लिखित संस्था, व्यक्ति वा निकायलाई बिल भरपाई वेगर भुक्तानी गरीरेकोमा विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ३,१६५,५०३ |

| भौ नं / मिति | जिम्मेवार समूह, शाखा तथा व्यक्ति | विवरण | परिमाण | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| २६४।२०७९।३।२४ | कृषि पशुपंक्षी तथा नर्शरी फर्म/ कृषि शाखा | कोदालो | १० | ६०० | ६००० | २० वटाको भरपाई नरहेकोले असुल |
| | | आलु बिउ | २५०० के जी | ९० | २२५०००० | वितरण गरेको भरपाई नरहेको |
| १९४।२०७९।३।१३ | उद्यम विकास शाखा | मेशिन खरिद | - | - | १३५०००० | वितरण गरेको भरपाई नरहेको |
| २६०।२०७९।३।२४ | शिक्षा शाखा | सिकाइ सहजीकरण पुस्तक | ५०० | ८८५ | ५०००२५ | भरपाई तथा हस्तान्तरण नरहेको |
| ३०७।२०७९।३।२५ | रन्जिता जि सि | वाल्टि लिड टुटी | ३४ | ४०४ | १३७३६ | २२५ पि मध्ये ३४ को भरपाई नरहेकोले असुल |
| १२२।२०७९। | गणेश प्रसाद रेग्मी | कुटो | ६० | ३५० | २१००० | भरपाई नरहेकोले यकिन हुन सकेन |
| | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १।२५ | | हजारी | ५९ | ३८० | २२४२० | | |
| | | | | | न्यापस्याड स्प्रेयर | ४७ | २३५० | ११०४५० | | |
| | | | | | काँक्रा | २२५ | १२० | २७००० | | |
| | | | | | सिमि | १८ | ४०० | ७२०० | | |
| | | | | | चाइनिज साग | १५८ | १०० | १५८०० | | |
| | | | १०७।२०७९।१।१९ | मान कुमारी शाही | डायरी | ८४ | ८० | ६७२० | भरपाई नरहेको | |
| | | | | | पेन | ८४ | २० | १६८० | | |
| | | | ९३।२०७९।१।४ | उद्यम विकास शाखा | स्वीङ मेसिन सेट | १६ | १५५२५ | २४८४०० | बूझाएको भरपाई तथा हस्तान्तरण नरहेको | |
| | | | | | कैची | ३० | ८०० | २४००० | | |
| | | | | | आइरन | ४ | १३०० | ५२०० | | |
| | | | ५०।२०७८।१०।११ | रन्जिता जि सि | डायरी | २५ | ८५ | २१२५ | भरपाई नरहेको | |
| | | | | | पेन | २५ | १५ | ३७५ | | |
| | | | ४१।२०७८।९।३० | मान कुमारी शाही | - | - | - | ४०००० | सक्कल बिल भरपाई पेश गर्नुपर्ने छायाँ प्रति मात्र संलग्न रहेको | |
| | | | ११।२०७९।२।१५ | स्वास्थ्य चौकी लयाँटी | सुत्केरी जाँच | १९१ | २००० | ३८२००० | भरपाई नरहेको | |
| | | | २।२०७८।९।२३ | माया कुमारी सिंह | स्टेशनरी | २४ | १५० | ३६०० | वितरण गरेको भरपाई नरहेको | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३।२०७८।९।२३ | माया कुमारी सिंह | स्टेशनरी | २४ | १५० | ३६०० | वितरण गरेको भरपाई नरहेको | |
| | | | ४।२०७८।९।२३ | माया कुमारी सिंह | स्टेशनरी | ६० | १५० | ९००० | वितरण गरेको भरपाई नरहेको | |
| | | | १२।२०७९।२।५ | माया कुमारी सिंह | स्टेशनरी | ४२ | १५० | ६३०० | वितरण गरेको भरपाई नरहेको | |
| | | | १४।२०७९।३।१६ | माया कुमारी सिंह | स्टेशनरी | ११७ | १५० | १७५०० | वितरण गरेको भरपाई नरहेको | |
| | | | २।२०७८।१०।३ | कृषि शाखा | तरकारी विउ | - | - | १४९८५० | विउ खरिद गरेको भरपाई नरहेको | |
| | | | ५।२०७९।१।९ | कृषि शाखा | मकै बिउ | - | - | ४०००० | विउ खरिद गरेको भरपाई नरहेको | |
| | | | ७।२०७९।१।९ | कृषि शाखा | हाते ट्र्याक्टर | २ | ८०००० | १६०००० | वितरण गरेको भरपाई नरहेको | |
| | | | | | सिड विन | ४ | १३२७५ | ५३१०० | | |
| | | | ११।२०७९।३।१३ | कृषि शाखा | पाइप | १०६९० | ४१.३८ | ४९९९७२ | प्रयोजन नखुलेको साथै भरपाई तथा हस्तान्तरण नरहेको | |
| | | | ४।२०७९।३।२९ | वडा नं ६ | पाइप २० एम एम | ४२०० | ४७ | १९७४५० | प्रयोजन नखुलेको साथै भरपाई तथा हस्तान्तरण नरहेको | |
| | | | | | पाइप २५ एम एम | ३००० | ७२ | २१६००० | | |
| | | | | | पाइप ३२ एम एम | २०० | ७५ | १५००० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा रु ३१६५५०३</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>नगर प्रहरी:<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को २ क २ मा नगर प्रहरीहरुलाई परिचालन गर्ने क्षेत्र तोकेको छ । पालिकाले नगर प्रहरी गठन तथा संचालन कार्यविधि निर्माण गरी ६ जना नगर प्रहरी नियुक्त गरी रु.१०,३४,५००।- भुक्तानी गरेकोमा नगर प्रहरीलाई कार्यालय परिसरमै खटाईएको पाईयो । ऐनमा उल्लेख भए बमोजिम नगर प्रहरीलाई पालिकाको सम्पत्ति सुरक्षा, सभा समारोह जात्रा व्यवस्थापन, स्थानीय वजार र पार्किङ्ग स्थलको सुरक्षा र व्यवस्थापन तथा छाडा पशु चौपाय नियन्त्रण लगायतका काममा परिचालन गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>कर्मचारी बैठक भत्ता:<br>कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ को बुंदान २.३ को ग अनुसार एउटैनिकाय र अन्तरगतका पदाधिकारी र कर्मचारी वस्ने वैठक मा भत्ता प्रदान गर्न नपाइने उल्लेख छ । पालिकाले निम्नानुसारको बैठकमा पालिका भित्रका कर्मचारी मात्र बैठक बसी बैठक भत्ता भुक्तानी गरेको देखिएकोले असुल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं. मिति</th><th>बैठकको नाम</th><th>कर्मचारी संख्या</th><th>भुक्तानी</th></tr>
<tr><td>१</td><td>43-2079।३।२५</td><td>छात्रवृत्ति बैठक</td><td>५</td><td>२७२८५</td></tr>
<tr><td>२</td><td>३८-२०७९।३।२५</td><td>शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन बैठक</td><td>१९</td><td>७६१६०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१०३४४५</td></tr>
</table></td><td>१०३,४४५</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>पदाधिकारी भत्ताः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६.१</td><td></td><td></td><td>पदाधिकारी अन्य भत्ताः कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ११ मा अनुसूची २ को द्रष्टव्यमा ऐनमा उल्लेखित सुविधा बाहेकको सुविधा नपाउने उल्लेख छ । तर निम्न उल्लिखित पदाधिकारीलाई विभिन्न कार्यक्रममा प्रशिक्षण तथा अनुगमन गरेवापत भत्ता भुक्तानी गरिएकोमा सम्बन्धित बाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं / मिति</th><th>नाम</th><th>पद</th><th>सेसन</th><th>दर</th><th>भुक्तानी</th><th>कैफियत</th></tr>
<tr><td>४।२०७८।९।२३</td><td>तारा कुमारी शाही</td><td>उप प्रमुख</td><td>६</td><td>१५००</td><td>७६५०</td><td>नेतृत्व विकास तालिम</td></tr>
<tr><td rowspan="2">५।२०७८।११।२</td><td>सूर्य बहादुर शाही</td><td>नगर प्रमुख</td><td>१</td><td>१५००</td><td>१२७५</td><td rowspan="2">ज्येष्ठ नागरिक सम्मान कार्यक्रम</td></tr>
<tr><td>तारा कुमारी शाही</td><td>उप प्रमुख</td><td>१</td><td>१५००</td><td>१२७५</td></tr>
<tr><td rowspan="2">२२०।२०७९।३।२०</td><td>प्रेम बहादुर रावल</td><td>वडा अध्यक्ष</td><td>१</td><td>१४००</td><td>११९०</td><td rowspan="2">पोषणमैत्री टोलको अनुगमन</td></tr>
<tr><td>मनसरा कुमारी शर्मा</td><td>उप प्रमुख</td><td>१</td><td>१४००</td><td>११९०</td></tr>
<tr><td colspan="5">जम्मा रकम रु</td><td>१२५८०</td><td></td></tr>
</table></td><td>१२,५८०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.२ | | | **पदाधिकारी बैठक भत्ता:** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १० मा स्थानीय तहका पदाधिकारी र सदस्यहरुलाई बैठक भत्ता वापत ऐनको अनुसुची-२ बमोजिम बैठकभत्ता वापत प्रति महिना बढीमा ३ वटा मात्र बैठकको प्रति वैठक रु.१,५००।- बैठक भत्ता दिने तथा सोहि ऐनको दफा १५(२) मा सो ऐनले व्यवस्था गरेको भन्दा बाहेक अन्य कुनै सुविधा नदिने उल्लेख छ । पालिकाका पदाधिकारीले कार्यपालिका तथा सभाको बैठकको बैठक भत्ता बुझिसकेको अवस्थामा समेत निम्नानुसार बैठक भत्ता बुझेको देखिएकोले दोहोरो बैठक भत्ता असुल गर्नुपर्ने रु. | ४२,२७५ |

| क्र.सं. | भौ.नं.मिति | पदाधिकारीको नाम पद | बैठकको नाम | भुक्तानि |
|---|---|---|---|---|
| १ | ३२-२०७८।७।२१ | सुर्यबहादुर शाही प्रमुख | नगर प्रहरी छनौट | १२७५ |
| २ | ३९-२०७८।७।१६ | सुर्यबहादुर शाही प्रमुख | सब ईन्जिनियर छनौट | १२७५ |
| ३ | ११-२०७८।११।१७ | सुर्यबहादुर शाही प्रमुख | नगर शिक्षा समिति | ११४७५ |
| ४ | ३२-२०७८।७।२१ | तारा शाही खत्री उप प्रमुख | नगर प्रहरी छनौट | १२७५ |
| ५ | ३९-२०७८।७।१६ | तारा शाही खत्री उप प्रमुख | सब ईन्जिनियर छनौट | १२७५ |
| ६ | ११-२०७८।११।१७ | तारा शाही खत्री उप प्रमुख | नगर शिक्षा समिति | १०२०० |
| ७ | १०७-२०७८।९।२९ | बखत बहादुर बोहोरा वडाध्यक्ष | पशू सिप विकास तालिम | २००० |
| ८ | २७८-२०७९।२।१० | डिलबहादुर साही वडाध्यक्ष | विपद व्यस्थापन समिति | ४५०० |
| ९ | | धनकुमारी साहि कापा सदस्य | | ४५०० |
| १० | | जंगबहादुर विष्ट सदस्य | | ४५०० |
| | जम्मा | | | ४२२७५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६.३</td><td></td><td></td><td>जनप्रतिनिधि भ्रमण: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) सरकारी खर्च लेख्नु अघि संलग्न कागजात अनुसार रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । सरकारी खर्च गर्दा उचित प्रतिफल दिने क्षेत्रमा खर्च गर्नुपर्दछ । जनप्रतिनिधिले अवलोकन भ्रमण गर्दा बजेट खर्च गर्ने उद्धेश्य मात्र नभई पालिकाको आवश्यकता, मापनयोग्य उपलब्दी तथा नीति निर्माणमा सान्दर्भिक हुने किसिमले गर्नुपर्नेमा सहभागिको नाम तथा संख्या, सहभागीको छनौटको प्रकृया तथा प्राप्त उपलब्धी समेत नखुलाई कर्मचारी मार्फत पेश्की लिई निम्नानुसार भ्रमण गरेको देखिएकोले भ्रमण गर्ने पदाधिकारी यकिन गरी निर्णय गर्ने पदाधिकारी समेतलाई जिम्मेवार बनाई सम्बन्धित पदाधिकारी बाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं. मिति</th><th>भ्रमण गरेको स्थान</th><th>पेश्की लिने कर्मचारीको नाम</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>३५७-२०७९।३।१७</td><td>सिन्धुली</td><td>लक्ष्मीराज विष्ट</td><td>१९४०००</td><td></td></tr>
<tr><td>२</td><td>२१७-२०७९।१।५</td><td>रारा</td><td>कल्पना योगी</td><td>२०३०००</td><td>वडा नं.६ को निर्णय अनुसार</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>३९७०००</td><td></td></tr>
</table></td><td>३९७,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.४ | | | **समिति बैठक:** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ११(२)मा विधायन समितिको बैठक बसेवापत वार्षिक १२ वटा बैठकको प्रति बैठक रु.५०० का दरले बैठक भत्ता भुक्तानी गर्न मिल्ने उल्लेख छ । नगरपालिकाले विधायन समितिको बैठक बसेको भनि तोकिएको दर भन्दा बढी तथा विधायन समितिमा नरहेका सदस्य हरुलाई समेत निम्नानुसारको बैठक भत्ता भुक्तानी गरेको देखिएकोले असुल गर्नु पर्ने रु. | ६०,३५० |

| क्र.सं. | नाम | पद | बैठक संख्या | दिन मिल्ने भुक्तानी | दिएको भुक्तानी | बढी भुक्तानी कर कट्टी पछी |
|---|---|---|---|---|---|---|
| १ | वीर बहादुर शाही | संयोजक | ८ | ४००० | १२००० | ६८०० |
| २ | नारायण प्रसाद रेग्मी | सदस्य | ८ | ४००० | १२००० | ६८०० |
| ३ | ईन्द्रप्रसाद चौलागाई | सदस्य | ८ | ४००० | १२००० | ६८०० |
| ४ | खजुरा नेपाली | सदस्य | ८ | ४००० | १२००० | ६८०० |
| ५ | श्याम बहादुर रावल | नि प्र प्र अ | ३ | ० | ४५०० | ३८२५ |
| ६ | ध्रुबकुमार शाही | कानुन | ८ | ० | १२००० | १०२०० |
| ७ | पूर्ण प्र आचार्य | लेखापाल | ४ | ० | ६००० | ५१०० |
| ८ | राजेन्द्र प्रसाद रिजाल | स.ले.पा | ४ | ० | ६००० | ५१०० |
| ९ | चेतनकुमार अधिकारी | खरिदार | २ | ० | ३००० | २५५० |
| १० | मिना अधिकारी | खरिदार | १ | ० | १५०० | १२७५ |
| ११ | माया कुमारी सिंह | स म वि नि | १ | ० | १५०० | १२७५ |
| १२ | मदन विक | स्वकिय सचिव | २ | ० | ३००० | २५५० |
| १३ | लोकेश कुमार शाही | ना.सु. | १ | | १५०० | १२७५ |
| | जम्मा | | | | | ६०३५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **सामाजिक परिचालकः**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या ०७४।७५ च. न. ४० (२०७४।१२।१३) को परिपत्रको वुदा नं ४ मा साविकमा उत्कृष्ट कार्य सम्पादन गरेका सामाजिक परिचालकहरु सेवा करारमा काम गर्न नआएमा नयाँ व्यक्तीलाई कार्यालय सहायक वा सामाजिक परिचालकका रुपमा नियुक्त नगर्ने, २०७५ असार मसान्त पश्चात सामाजिक परिचालकको लागी कुनै केन्द्रिय दायित्व नरहने उल्लेख छ । स्वीकृत दरवन्दी वाहेकका अन्य कर्मचारीलाई करारमा लिने कार्य नियम सम्मत नभएकोले नगरसभाबाट निर्णय गराएर कार्य गर्न नमिल्ने अवस्था रहेको छ । पालिकाले यस वर्ष ४ जना सामाजिक परिचालकलाई मासिक रु. १८,५००।- का दरले रु. २ लाख ९६ हजार भुक्तानी गरेको छ। सामाजिक परिचालक राख्न नपाउने व्यवस्था विपरित सामाजिक परिचालक भुक्तानी दिएको रकम अनियमित रु. | २९६,००० |
| २८ | | | **गाडी भाडा, ईन्धन तथा मर्मत:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। पालिकाले यो वर्ष सम्बन्धित शीर्षकमा बजेट विनियोजन गरी गाडी भाडामा रु. २२,७७,३७७।-, ईन्धनमा रु. २२,३५,१४०।- र मर्मतमा रु. २९,३५,५१६।- खर्च गरेका छन् । कन्टिन्जेन्सी बाट समेत यि शीर्षकमा खर्च गरेको अवस्था छ । यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| २९ | | | **पदाधिकारी सुविधाः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९.१ | | | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ८१,९९,०००।- सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ९ जना | कार्यपालिका सदस्य | सभाका सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ० | ० | ० | ० | ० | ० |
| २ | यातायात खर्च | ० | १२००० | ० | ० | ० | १४४००० |
| ३ | टेलिफोन,मोबाइल | २१६००० | १६८००० | ८६४००० | ४८०००० | ९००००० | २६२८००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ३६००० | ३६००० | ३२४००० | १४४००० | ९००००० | १४४०००० |
| ५ | समन्वय तथा सहजीकरण | ३६००० | ३६००० | ३२४००० | १४४००० | ९००००० | १४४०००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ६०००० | ६०००० | ५४०००० | १४४००० | ३६०००० | ११६४००० |
| ८ | चाडपर्व खर्च | ६०००० | ४८००० | २१६००० | १४४००० | १८०००० | ६४८००० |
| ९ | अनुगमन मुल्या|कन | १५००० | १५००० | १३५०० | १२००० | ४५०००० | ७३५००० |
| जम्मा | | | | | | | ८१९९००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९.२</td><td></td><td></td><td>स्वकीय सचिव र सल्लाहकार– कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । नगर प्रमुखको कानुनमा तोकिएको भन्दा बाहेकको १ जना सल्लाहकार तथा १ जना कानूनी सल्लाहकारका रुपमा नियुक्त गरी रु ३,५०,०००।- भुक्तानी गरिएको छ । उक्त रकम भुक्तानी दिन मिल्ने नदेखिएको रु.<br>
<table>
<tr><th>क्र.सं.</th><th>पदको नाम</th><th>कर्मचारीको नाम</th><th>भुक्तानी</th></tr>
<tr><td>१</td><td>सल्लाहकार</td><td>मदन वि क</td><td>२०००००</td></tr>
<tr><td>२</td><td>कानून सल्लाहकार</td><td>श्री ध्रुव कुमार शाही</td><td>१५००००</td></tr>
<tr><td></td><td>जम्म</td><td></td><td>३५००००</td></tr>
</table></td><td>३५०,०००</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>नापी विल:<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले जनसेवा माध्यमिक विद्यालय सितलालाई ४ कोठे भवन निर्माण गर्न रु.१०,०५,०००।– भुक्तानी गरेकोमा सो सँग सम्बन्धित नापि विल तथा अन्य पुष्टि गर्ने विलविजक पेश नगरेकोले कार्यसम्पन्न प्रतिवेदन तथा नापी किताब पेश गर्नुपर्ने रु.</td><td>१,००५,०००</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>शहरी स्वास्थ्य क्लिनिक वडा नं. ७ः<br>पालिकाले शहरी स्वास्थ्य क्लिनिक निर्माण गर्नरु.४१,९९,३०९.५७ को लागत अनुमान तयार गरी शुशान्त निर्माण सेवासँग कबोल अंक रु.२७,४४,०४०।७९ मा सम्झौता गरी रु.१९,४२,७३६।- भुक्तानी गरेको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>३१.१</td><td></td><td></td><td>कार्य सम्पन्न: खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्झौता बमोजिम सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवास्वीकार्दा सोको प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । पालिकाले सफल निर्माण सेवा सँग कबोल अंक रु. २७,४४,०४०।७९ मा सम्झौतागरेकोमा रु.१९,४२,७३६।- बराबरको काम गर्दा समेत कार्य स्वीकार गरी भुक्तानी गरेको देखिएको छ । सम्झौतामा भएको sanitation तथा Electricity work नगर्दा समेत कार्यस्वीकार प्रतिवेदन दिने सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई बाँकी काम सम्पन्न गर्नुपर्ने रु.</td><td>१,९४२,७३६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.२ | | | **विमा:** सार्वजनिक खरिद नियमावली, २०६४ कोनियम ११२(१) मा दश लाख रुपैँयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले शहरी स्वास्थ्य क्लिनिक निर्माण गर्न रु. ४१,९९,३०९।५७ को लागत अनुमान भएकोमा समेत विमा गराउने प्रोभिजन राखेको नदेखिएकोले निर्माण कार्यको जोखिम निवारणका लागि भएको व्यवस्था कार्यान्वियन गरीनुपर्दछ । | |
| ३२ | | | **शहरी स्वास्थ्य क्लिनिक वडा नं. ९:** नगरपालिकालेशहरी स्वास्थ्य क्लिनिक निर्माण गर्नरु.४२,००,२०१।४७ को लागत अनुमान तयार गरीसफलनिर्माण सेवा सँग कबोल अंक रु.२९,५७,०२८।१७ मा सम्झौता गरी रु.२३,१३,४९८।३९ भुक्तानी गरेको सम्बन्धमादेखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३२.१ | | | **विमा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैँयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीलेतोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले शहरी स्वास्थ्य क्लिनिक निर्माण गर्न रु.४२,००,२०१।४७ कोलागत अनुमान भएकोमा समेत विमा गराउने प्रोभिजन राखेको नदेखिएकोले निर्माण कार्यको जोखिम निवारणका लागि भएको व्यवस्था कार्यान्वियन गरीनुपर्दछ । | |
| ३२.२ | | | **कार्य सम्पन्न:** सार्वजनिक खरिद नियमावली, २०६४ कोनियम ११७ मा सार्वजनिक निकायले सम्झौता बमोजिमसम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवास्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले सफल निर्माण सेवासँग कबोल अंक रु.२९,५७,०२८।१७ मासम्झौता गरेकोमा रु.२३,१३,४९८।३९ बराबको काम गर्दा समेत कार्य स्वीकार गरी भुक्तानी गरेको देखिएको छ । सम्झौतामा भएको sanitation तथा Electricity work नगर्दा समेत कार्य स्वीकार प्रतिवेदन दिने सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई बाँकी कामका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ अनुसार क्षतिपूर्ति समेत असूल गरी फरफारक गर्नुपर्ने रु. | २,३१३,४९८.३९ |
| ३२.३ | | | **बोलपत्र जमानत:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३(ख) मा बोलपत्र स्वीकृतिका लागि छनौट भएको बोलपत्रदाता सम्झौता गर्न नआएमा कालो सुचिमा राख्नुपर्ने उल्लेख छ । पालिकाले बोलपत्र मुल्यांकन गर्दा विराट निर्माण सेवा ले रु. २८,१९,१८७।६८ मा कबोल गरेकोमा सम्झौता गर्न नआई दोस्रो कमि कबोल गर्ने सफल निर्माण सेवासँग सम्झौता भएकोले विराट निर्माण सेवाले विड बोन्ड वापत राखेको रु.१,०५,०००।- जफत गरेको नदेखिएकोले सो रकम जफत गरी ऐन बमोजिमको कसूरमा कालो सूचीमा राख्न पठाएको प्रमाण पेश गर्नुपर्ने रु. | १०५,००० |
| ३३ | | | **प्रशासकीय भवन निर्माणः** पालिकाले प्रशासकीय भवन निर्माण गर्न रु.९०,००,०००।— को लागत अनुमान तयार गरी सफल निर्माण सेवासँग कबोल अंक रु.५५,१५,६४४।०६ मा सम्झौता गरी रु.५३,००,०८०।- को कार्य सम्पन्न गरेको सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्: | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३.१ | | | **अपुरो स्टिमेट:** पालिकाले योजना निर्माण गर्दा सो को प्रतिफल र प्रयोग आउने गरी गरीनुपर्दछ । पालिकाले प्रशासकीय भवन निर्माण गर्दा दोस्रो तलाको छत ढलान तथा फिनिसिङ्गको लागत अनुमान तयार नपारी पिलर र ईटाको वाल लगाउने गरी मात्र लागत अनुमान तयार गरी निर्माण कार्य गरी यो वर्ष रु.२६,९७,९१४।- भुक्तानी गरेको देखिएको छ। छत ढलान तथा फिनिसिङ्ग नगरी सो संरचना उपयोग गर्न नसकिने, वर्षादको कारण काठ ईटा लगायतमा क्षति पुग्ने जस्ता समस्या हुन्छ । आर्थिक वर्ष २०७८।७९मा बजेट कम विनियोजन भई यति मात्र कार्यसम्पन्न भएकोमा आर्थिक वर्ष २०७९।८० मा बजेट नै विनियोजन नभएकोले सो संरचना अलपत्र पर्ने देखिन्छ । गत वर्ष घरभाडामा जम्मा रु.२१,५४,५९८।- खर्च भएको र यस वर्ष पनि त्यतिनै खर्च हुने अवस्थामा भवनको संचरना पुरा गर्न बजेटनै विनियोजन नगर्नाले खर्च प्रभावकारी हुने देखिएन । आवश्यक बजेट व्यवस्थापन नगरी अलपत्र हुन लागेको भवनको निर्माण कार्य सम्पन्न गरी पेश गर्नुपर्ने देखिएको रु. | २,६९७,९१४ |
| ३३.२ | | | **नापजाच भन्दा बढी भुक्तानी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले उक्त भवन निर्माण गर्दा पहिलो तलाको शौचालयमा बेसिन नै नराखी रु.५,०००।- भुक्तानी गरेको देखिएकोले असुल गर्नुपर्ने रु. | ५,००० |
| ३४ | | | **शिलबन्दी दरभाउ पत्र:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीसलाख रूपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले देउती आधारभुत विद्यालयको भवन निर्माण गर्न रु.२०,६९,९९०।– को लागत अनुमान तयार गरेकोमा खुला बोलपत्रको माध्यमद्वारा निर्माण कार्य गराउनुपर्नेमा ई विड समेत नगरी हार्डकपी मार्फत शिलबन्दी दरभाउ पत्र आह्वान गरी सफल निर्माण सेवासँग कबोल अंक रु.१९,९३,०२९।१३ मा सम्झौता गरी रु.१९,६४,२३९।– भुक्तानी गरेको देखिएकोले तोकिएको सिमा भन्दा बढी लागत अनुमान भएको काममा समेत शिलबन्दी दरभाउ पत्र मार्फत सम्झौता गरी गरेको अनियमित रु. | १,९६४,२३९ |
| ३५ | | | **विद्युत विस्तार:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्झौता बमोजिम सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । पालिकाले विद्युत प्राधिकरण दैलेखले पठाएको विवरणको आधारमा रु. ३,१३,३२३।- भुक्तानी गरेकोमा सो रकम बाट के कस्तो काम भयो सो खुल्ने गरीको कार्यसम्पन्न पेश गर्नुपर्ने देखिएको रु. | ३१३,३२३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>

**पाईप खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको पाईप खरिद गरेकोमा सो को भुक्तानी, सम्बन्धित पक्षलाई नगरी कर्मचारीलाई गर्ने गरेको तथा पाईपहरु कहाँ प्रयोग भएको भनी विवरण नभएकोले सो पाईप प्रयोग भएको योजनाको नापी सहितको प्रमाण पेश गर्नुपर्ने रु.

<table>
<tr><th>क्र.सं.</th><th>भौ नं.</th><th>विविरण</th><th>फर्म</th><th>भुक्तानी पाउने</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>२४०-२०७९।३।२५</td><td>२६०० मिटर पाइप</td><td>कविता स्टोर्स</td><td>धोपेन्द्र बहादुर शाही</td><td>३२५२६०</td></tr>
<tr><td>२</td><td>२१७-२०७९।३।२२</td><td>पाईप</td><td>दुल्लु हार्डवायर</td><td>दुल्लु हार्डवायर</td><td>१७६७६६</td></tr>
<tr><td>३</td><td>२१८-२०७९।३।२२</td><td>पाईप</td><td>पौडेल जनरल</td><td>पौडेल जनरल</td><td>९६८००</td></tr>
<tr><td>४</td><td>२०९-२०७९।३।२२</td><td>२२०० मिटर पाईप</td><td>माँ विन्द्रासैनि ट्रेडर्स</td><td>माँ विन्द्रासैनि ट्रेडर्स</td><td>१०६०००</td></tr>
<tr><td>५</td><td>२१४-२०७९।३।२२</td><td>३५०० मिटर पाईप</td><td>पौडेल जनरल</td><td>गोविन्द्र प्रसाद सुवेदी</td><td>१५००००</td></tr>
<tr><td>६</td><td>जम्मा</td><td></td><td></td><td></td><td>८५४८२६</td></tr>
</table>

</td><td>८५४,८२६</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>

**सुरक्षित नागरीक आवाश कार्यक्रमः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा कुनै निर्माण कार्य सम्पन्न भएपछि कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । सुरक्षित नागरिक आवाश कार्यक्रम कार्यविधि, २०७५ को दफा ७ मा अनुसुचि ३ बमोजिमको प्रतिवेदन पेश भई आएमा निर्माण सम्पन्न भएको मानिने उल्लेख छ । पालिकाले यस वर्ष सुरक्षित नागरिक आवाश कार्यक्रमको लागि ८१ जना लाभग्राहीलाई रु.२४,३०,०००।- भुक्तानी गरेकोमा सो को कार्य सम्पन्न भएको प्रमाण पेश नगरेकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.

</td><td>२,४३०,०००</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>

**कार्यालय सामान खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु.१० लाख सम्मको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५(१ख) एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ । नियम ८ अनुसार वार्षिक खरिद योजना बनाई सो अनुसार सिलबन्दी दरभाउपत्र तथा बोलपत्र आव्हान गरी खरिद कार्य गर्नुपर्नेमा सो अनुसार नगरी पटक पटक एउटै आपूर्तकसँग खरिद गरेको पाइयो । खरिद योजना नबनाई नियमावलीमा भएको व्यवस्था विपरीत खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क्र.सं. | भौ.नं. मिति | आपुर्ती गर्ने फर्म | भुक्तानी | | |
| | | | | १ | ४३२-२०७९।३।२५ | एम एम ट्रेडर्स | ६३४७५० | | |
| | | | | २ | ४३१-२०७९।३।२५ | समृद्धी हेन्डमेड | १३१७९० | | |
| | | | | ३ | ४३०-२०७९।३।२५ | न्यु अफिस सप्लायर्स | ५१८८०० | | |
| | | | | ४ | ४२९-२०७९।३।२५ | सुजल डेकोरेटिभ | ४९०२७५ | | |
| | | | | ५ | ४२८-२०७९।३।२५ | शुभलक्ष्मी अर्डर्स | ३३०००० | | |
| | | | | ६ | ४२७-२०७९।३।२५ | ज्ञावली फेन्सी | ३४५०० | | |
| | | | | ७ | ४२६-२०७९।३।२५ | मार्सल ईन्टरप्राईजेज | ३४२०० | | |
| | | | | ८ | ४२५-२०७९।३।२५ | सांग्रीला फेन्सी | ७६७०० | | |
| | | | | ९ | १९५-२०७८।११।१८ | माँ मनकामना ईन्टरप्राईजेज | ४९७९९१ | | |
| | | | | १० | ८०-२०७८।८।१७ | न्यु अफिस सप्लायर्स | ३४८११९ | | |
| | | | | ११ | ७४-२०७८।८।१७ | एम एम ट्रेडर्स | ४९६९२८ | | |
| | | | | १२ | 73-2078.8.17 | सुजल डेकोरेटिभ | ३७०४१४ | | |
| | | | | १३ | 71-2078।8।17 | समृद्धी हेन्डमेड | १९७१६५ | | |
| | | | | १४ | २९-२०७९।३।३१ | एस पि सप्लायर्स | ७४९११२ | | |
| | | | | १५ | २९-२०७९।३।३१ | खुसि ट्रेडर्स | २५३६६३ | | |
| | | | | १६ | २९-२०७९।३।३१ | संगम स्टेसनरी | ४९२८३० | | |
| | | | | १७ | २९-२०७९।३।३१ | सरस्वती ईन्टरप्राईजेज | ४९०४५९ | | |
| | | | | १८ | ३२-२०७९।३।३१ | एम एम ट्रेडर्स | २९८००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १९ | ३३-२०७९।३।३१ | बसु ईन्टरप्राईजेज | ९५७७० | | |
| | | | | २० | ३३-२०७९।३।३१ | माँ मनकामना ईन्टरप्राईजेज | ५९२०६ | | |
| | | | | २१ | ३३-२०७९।३।३१ | शुभकामना ईन्टेरियर | ९८१८९ | | |
| | | | | | जम्मा | | ६६९८८६१ | | |
| ३९ | | | **सफ्टवेयर खरिदः**<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनुपर्ने व्यबस्था रहेको छ । पालिकाले निम्नानुसारका सफ्टवेयर खरिद गरी रु. ७,८३,०९०।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यसरी खरिद गरिएका सफ्ट्वयर हाल सम्म प्रयोगमा आएको नदेखिएकोले सो सफ्टवेयर प्रयोग गरी सो को प्रमाण पेश गर्नुपर्ने रु. | | | | | | ७८३,०९० |
| | | | | **भौ नं / मिति** | **सफ्टवेयरको विवरण** | **जम्मा भुक्तानी रु** | | | |
| | | | | ४०३।२०७९।३।२४ | सम्पती कर भुमि कर आम्दानी | ४९४९४० | | | |
| | | | | ४०४।२०७९।३।२४ | वडा सिफारीस सफ्ट्वायर | २८८१५० | | | |
| | | | | जम्मा रु | | ७८३०९० | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **डीपीआर खर्चः**<br><br>बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| विन्द्रासैनी खेलमैदान डि पी आर | सुवास इन्जिनियरिङ कन्सल्टेन्सी वि न पा ३ सुर्खेत | ३०००००० | ३००००० |
| विद्युत लाइन विस्तार डि पि आर वडा १ २ र ३ | पञ्चदेवल इन्जिनियरिङ वि न पा सुर्खेत | ४००००० | ३८४२०० |
| विद्युत लाइन विस्तार डि पि आर ४ ५ ६ ७ ८ ९ | पञ्चदेवल इन्जिनियरिङ वि न पा सुर्खेत | ६००००० | ५९८९०० |
| जम्मा: | | १३०००००० | १२८३१०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| ४१ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु. ३३ लाख ५७ हजार हजार कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ४२ | | | **लागत सहभागिताः**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ साथैनगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ४३ | | | **उपभोक्ता समितिमार्फत खरिदः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३.१</td><td></td><td></td><td>सव कन्ट्याक्टरबाट काम गराएको : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १३(क) मा मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको कुनै कामका निर्माण व्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालोसूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिसकर्ता एवं अनुगमनकर्तालाई यस सम्बन्धमा जिम्मेवार बनाई निर्माण व्यवसायीलाई कालोसूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गरेको प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.
<table>
<tr><td>योजनाको नाम</td><td>निर्माण व्यवसायीको नाम</td><td>भुक्तानी</td></tr>
<tr><td>पाख्रेबास खेल मैदान निर्माण</td><td>लालिगुरास कन्स्ट्रक्सन प्रा ली</td><td>४८०६००</td></tr>
<tr><td>मास्टमाण्डु आमकोट सडक निर्माण</td><td>विराट निर्माण सेवा</td><td>१९१७७८</td></tr>
<tr><td>सडक निर्माण तथा मर्मत सम्हार</td><td>भवानी कालिका कन्स्ट्रक्सन प्रा ली</td><td>१४२३६९</td></tr>
<tr><td>तारा साउने खोला सडक निर्माण</td><td>सचेत निर्माण सेवा</td><td>१६८९२२</td></tr>
<tr><td>गडेसाला स्वास्थ्य चौकी सडक निर्माण</td><td>विनिता एण्ड विपासा निर्माण सेवा</td><td>१९०५२५</td></tr>
<tr><td>वडा कार्यालय देखि नौलाघर सडक निर्माण</td><td>सचेत निर्माण सेवा</td><td>१२८०४०</td></tr>
<tr><td>तारा साउने खोला सडक</td><td>बडिमालिका निर्माण सेवा</td><td>११९०००</td></tr>
<tr><td>सालघारी देखि गर्जे सडक</td><td>सचेत निर्माण सेवा</td><td>१४४३१७</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१५६५५५१</td></tr>
</table>
</td><td>१,५६५,५५१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३.२ | | | **उपभोक्ता समितिबाट सामान खरिद**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । पालिकाले निम्नानुसारको सामान खरिद समेत उपभोक्ता समितिबाट गराई रु. ६,०५,१६६।- भुक्तानी गरेको देखिएकोले उक्त भुक्तानीलाई नियम सम्मत नदेखिएको रु. | ६०५,१६६ |

| भौ.नं. मिति | उपभोक्ता समितिको नाम | खरिद गरेको सामान | भुक्तानी |
|---|---|---|---|
| २१७-२०७९।३।१७ | खानेपानी पाईप खरिद उपभोक्ता समिति | पाईप | १६९००० |
| १९२-२०७९।३।२० | पन्चेबाजा व्यवस्थापन समिति | बाजाका सामान | ४८५०० |
| ९६-२०७९।१।११ | तल्लो पिपलथान खानेपानी उपभोक्ता समिति | पाईप | २९००६६ |
| ३६२-२०७९।३।१९ चालु | कला संस्कृती जगेर्ना उपभोक्ता समिति | तरबार ढाल | ७७६०० |
| २२०-२०७९।१।९ | पन्चेबाजा संरक्षण तथा व्यवस्थापन समिति | बाजाका सामान | २०००० |
| | जम्मा | | ६०५१६६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **सार्वजनिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ४५ | | | **लर्निङ्ग बाई अर्निङ्ग कार्यक्रमः**<br>पालिकाले लर्निङ्ग बाई अर्निङ्ग कार्यक्रमका लागि चामुण्डा माध्यमिक विद्यालयलाई रु. १० लाख भुक्तानी गरेकोमा सो विद्यालयले विभिन्न २५ जना विद्यार्थीलाई रु. ३०,०००।- को दरले र २० जना विद्यार्थीलाई रु.१५,०००।- को दरले वितरण गरेकोमा स्थलगत अनुगमन गर्दा विद्यार्थी समिरजंग शाहि र देविका विष्टले रकम नै नबुझेकोमा समेत किर्ते हस्ताक्षर गरी रकम निकासा लिएको, अन्य विद्यार्थीको हकमा पनि प्रयोजन अनुसारको काम भएको नदेखिएकोले यस सम्बन्धमा विद्यालयका प्रधानाध्यापक समेतलाई जिम्मेवार बनाई पालिकाले प्रयोजन विपरीत खर्च भएको रकम यकिन गरी आवश्यक छानविन समेत गरी असुल गर्नुपर्ने देखिएको रु. | १,०००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकोले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४७ | | | **कार्य सम्पन्न प्रतिवेदनः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **शिक्षक दरवन्दी र पदपूर्तिः**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छः<br>(तालिका तल)<br>अतः शिक्षा ऐन नियमावलीले तोके अनुसार विद्यार्थी शिक्षक अनुपात कायम गरी दरवन्दी मिलान एवं दरवन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ । | |
| ४९ | | | **विद्यालय अनुदानः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले पालिकालाई विद्यालयमा दरबन्दी सिर्जना गर्ने तथा शिक्षक नियुक्ती गर्ने अधिकार दिएको देखिँदैन । पालिकामा अवस्थित विभिन्न विद्यालयहरुलाई दरबन्दी बाहिर शिक्षक तथा कर्मचारी नियुक्त गरी गरी रू. १,५८,१७,५४६।- खर्च लेखेको छ । सशर्त अनुदानबाट संघीय सरकारले शिक्षा क्षेत्रको खर्चको भार बहन गरिरहेको अवस्थामा पालिकाले विकास निर्माण कार्यमा खर्च गर्नुपर्ने वित्तीय समानीकरणबाट खर्च गरेको देखियो । वित्तीय समानिकरणबाट लेखेको यस्तो खर्च नियम सम्मत नभएको रु. | १५,८१७,५४६ |
| ५० | | | **नमुना विद्यालयः**<br>पालिकाले नमुना विद्यालय संचालनको लागि शैक्षिक तर्फ रु. ५० लाख तथा भौतिक तर्फ रु. १ करोड गरी रु. १ करोड ५० लाख चामुण्डा माध्यमिक विद्यालयलाई निकासा गरेको छ । विद्यालयले शैक्षिक तर्फ तालिम भत्ता वापत रु.७,२७,५३०।-, स्टेसनरी तर्फ रु.३,३०,२९५, होटल विल रु.१,२२,७६०।-, विशेष भुमिका भत्ता रु.७,९६,७५०।-, तलब रु.१५,३८,५९०।-, ईन्टरनेट तथा सफ्टवेयरमा रु.२,००,०००।-, फेन्सी स्टोरका विल रु.७४,२७९।-, दालचामल खरिद रु.१२,१३५।- डेकोर हाउसका विल रु.१,११,८७०।– लगायतका विल पेश गरेकोमा गुरुयोजना पेश नगरेकोले गुरु योजना बमोजिम खर्च भए नभएको यकिन गर्न सकिएन । भौतिक तर्फ निर्माण गरेका संरचनाको कार्य सम्पन्न पेश गरेको नदेखिएकोले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | १०,०००,००० |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | उच्च माध्यमिक तह | ५ | ५ | ५ | ९०१ |
| २ | माध्यमिक तह | १७ | १७ | १० | १४५० |
| ३ | निम्न माध्यमिक तह | २३ | २३ | १९ | २७८३ |
| ४ | प्राथमिक तह | १०३ | १०३ | ५५ | ६४४७ |
| | **जम्मा** | १४८ | १४८ | ८९ | ११५८१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | ८६ | २०७९-१-४ | **सेनिटरी प्याड खरिद:**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा विल भरपाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले बोहोरा फार्मेसीबाट बाट प्रतिथान रु. ४९ का दरले ३२,१५० थान सेनिटरी प्याड खरिद गरी रु.१७,८०,१४५।- भुक्तानी गरेकोमा सो सेनिटरी प्याड हरु हाल सम्म पनि वितरण नगरी मौज्दात राखेको छ । पालिकाले आवश्यकताको आधारमा मात्र खरिद गर्नुपर्नेमा आवश्यकता पहिचान नगरी बजेट खर्च गर्ने उद्धेश्यले मात्र खरिद गरेको देखिएकोले खरिदमा संलग्न कर्मचारीलाई जिम्मेवार बनाई सो सामान उचित उपयोग भएको प्रमाण पेश गर्नुपर्ने रु. | १,७८०,१४५ |
| ५२ | | | **ईन्टरनेट जडान:**<br>कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप न ं २.७.१३.१० विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालय ईन्टरनेट व्यवस्थापन खर्च वापत प्रति विद्यालय रु.१२,०००।- का दरले ४० विद्यालयलाई रु.४,८०,०००।- भुक्तानी गरेकोमा ईन्टरनेट जडान तथा संचालन गरेको प्रमाण पेश नगरेकोले ईन्टरनेट जडान भएको विद्यालयको हकमा सो को प्रमाण तथा जडान नभएको विद्यालयको हकमा सो रकम फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ४८०,००० |
| ५३ | | | **आनन्द मा वि भवन:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । राष्ट्रपति शैक्षिक सुधार अन्तर्गत भवन निर्माण गर्दा 20 mm thick 1:4 c-s Plaster work को काम stair case inside wall मा 69.3 घन मिटर तथा store room wall ma 18.18 गरी 87.45 घन मिटर काम गरेको उल्लेख गरकोमा स्थलगत अनुगमन गर्दा सो काम गरेको नदेखिएकोले नभएको काम नाप देखाई भुक्तानी सिफारिस गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई प्रति घन मिटर रु.३९३।७४ का दरले रु.३४,४३३।- असुल गर्नुपर्ने रु. | ३४,४३३ |
| ५४ | | | **हिमालयन मा वि आई सि टी:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले हिमालय माध्यमिक विद्यालयलाई आई सि टी वापत रु.६,५०,०००।– भुक्तानी गरेकोमा विद्यालयले ८ थान कम्प्युटर खरिद गरेको भनी विल पेश गरेकोमा स्थलगत निरिक्षण गर्दा ७ थान मात्र कम्प्युटर देखिएकोले १ थान कम्प्युटरको रु.४४,०००।- असुल गर्नुपर्ने रु. | ४४,००० |
| ५५ | | | **नवज्योती आ वि आई सि टी तथा भवन:**<br>नगरपालिकाले नवज्योती आ वि लाइ आसिटि वापत रु. ६,५०,००० र राष्ट्रपति शैक्षिक सुधार अन्तरगत भवन निर्माण गर्न रु.१८,००,०००।— गरी रु.२४,५०,०००।— भुक्तानी गरेको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्: | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५.१ | | | **भवन अनुदान:** विद्यालयलाई अनुदान दिँदा विद्यालयको आवश्यकता विद्यार्थी संख्या आदिलाई मध्यनगर गरी आवश्यकताको आधारमा दिनुपर्दछ । नवज्योती आधारभूत विद्यालयमा कक्षा ३ सम्म मात्र संचालित भएको र विद्यार्थी संख्या समेत १०६ भएको तथा अगाडी नै ८ वटा कक्षा कोठा भएको अवस्थामा समेत विद्यालय भौतिक पूर्वाधारको लागि रु.१८,००,०००।– अनुदान दिएको औचित्यपूर्ण छैन । अनावश्यक योजना स्वीकृत गरी निकासा दिनेलाई जिम्मेवार बनाइनुपर्दछ । | |
| ५५.२ | | | **आई सि टी अनुदान:** पालिकाको नगर शिक्षा समितिले निर्णय गरी आई सि टी ल्याबको लागि रु. ६,५०,०००।– अनुदान दिएकोमा विद्यालयले ८ थान कम्प्युटर, २ वटा प्रिन्टर, १ प्रोजेक्टर, १ वटा ट्रलि साउन्ड बक्स, २ वटा ल्यापटप खरिद गरी मौज्दात राखेको छ । विद्यालयमा कक्षा ३ सम्म मात्र पढाई भएको, शिक्षक दरबन्दी शुन्य रहेको तथा विद्युतको सुविधा समेत नरहेको अवस्थामा विद्यालयमा आई सि टी संचालन हुने अवस्था नदेखिएकोले आवश्यकता यकिन नगरी निकासा दिने र भुक्तानी लिनेलाई जिम्मेवार बनाई उक्त सामानको उचित सदुपयोग भएको प्रमाण पेश गर्नुपर्ने रु. | ६५०,००० |
| ५६ | | | **कार्यक्रम कार्यान्वियन पुस्तीकाको पालना नभएको:** नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ । पालिकाले उक्त पुस्तीकामा उल्लेख भएभन्दा बढी हुने गरी निम्नानुसार रु. ८७२२०।१८ बढी निकासा दिएको देखियो । तसर्थ तोकीए भन्दा बढी निकासा भएको रकम असूल गरी सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्ने देखिएको रु. | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६.१ | | | **प्रति विद्यार्थी लागतमा आधारित बालविकास तर्फको अनुदानः** | ३८,००० |

| विद्यालयको नाम | विद्यार्थी संख्या | हुनुपर्ने निकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|
| आनन्द मा वि | १३ | ६५०० | १२००० | ५५०० |
| जनकल्याण आ वि | २४ | १२००० | १३००० | १००० |
| हिमालय मा वि | २१ | १०५०० | १४००० | ३५०० |
| पन्चकोशी प्रा वि | २५ | १२५०० | १५००० | २५०० |
| भैरब. मा वि | १० | ५००० | ६५०० | १५०० |
| लक्ष्मी प्रा वि | २६ | १३००० | १७५०० | ४५०० |
| एकता बा बि के | २६ | १३००० | १४००० | १००० |
| देउती आ वि | २३ | ११५०० | १२००० | ५०० |
| जनसेवा निमावि | १८ | ९००० | १२००० | ३००० |
| जनता मा वि | २१ | १०५०० | ११५०० | १००० |
| खापर आ वि | १९ | ९५०० | ११००० | १५०० |
| शान्ती प्रा वि बड | २१ | १०५०० | १५५०० | ५००० |
| भैरव मा वि | २३ | ११५०० | १७००० | ५५०० |
| देउती प्रा वि खारा | २३ | ११५०० | १२००० | ५०० |
| लोकल्याण प्रा वि | २५ | १२५०० | १४००० | १५०० |
| जम्मा | | | | ३८००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६.२ | | | **पाठ्यपुस्तक निकासाः** | ४९,२२०.१८ |

| **विद्यालयको नाम** | **विद्यार्थी संख्या** | हुनुपर्ने निकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|
| विजय प्रा वि | १२९ | ६८६९१.१ | ७८३२८ | ९६३६.९ |
| बिन्द्रासैनी मा वि | ४८५ | ३२३६७३.३ | ३३२२०० | ८५२६.७ |
| जनता मा वि | २७५ | १९१८९६.१ | १९३३०२.८३ | १४०६.७३ |
| जनता प्रा वि | ११० | ५८७७६.४ | ७७७८९.२५ | १९०१२.८५ |
| पृथ्वि प्रा वि | ६९ | ३७४५८ | ४८०९५ | १०६३७ |
| जम्मा | | | | ४९२२०.१८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **औषधी खरिदः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. ३८,९७,८११।- को औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>:<br>• खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>• आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,<br>• औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **बाख्रा पालन:**<br>पालिकाले निम्नानुसार फर्महरुलाई बाख्रा तथा बोका खरिद वापत रु. ४,००,०००।- भुक्तानी गरेकोमा उक्त समुह दर्ता नभएको, बाख्रा तथा बोकामा ट्याग तथा विमा समेत नभएको, समुहको लागत सहभागिता समेत न्युन रहेको तथा हाल सो समुहको बाख्रापालनको अवस्था को सम्बन्धमा अनुगमन समेत नभएकोले सो अनुदान उपलब्धिमुलक भए नभएको यकिन गर्न नसकिएकोले सो सम्बन्धमा कार्यालयले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु. | ४००,००० |

| भौ.नं. मिति | समुहको नाम | विवरण | भुक्तानि |
|---|---|---|---|
| १६०-२०७९।३।७ | नवजागरण कृषि तथा पशुपंक्षी फर्म | ६ वटा बाख्रा र १ वटा बोका खरिद | १००००० |
| १५६-२०७९।३।६ | विन्द्रासैनी पशुपंक्षी फर्म | १९ वटा बाख्रा र १ वटा बोका खरिद | ३००००० |
| जम्मा | | | ४००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **अन्य संस्था खर्च:**<br>सरकारी श्रोत तथा सम्पत्तिको प्रयोग गर्दा अधिकार प्राप्त अधिकारीले आफूलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाईदा हुने गरी सरकारी धन खर्च गर्न वा सरकारी मालसामान दिने गरी निकासा दिन नहुने व्यवस्था छ । पालिकाले निम्नानुसारको आफ्नो जिम्मेवारी तथा मातहत तथा प्रयोगमा नरहने संघसंस्था लाई अनुदान वापत दिएको रु. २६,८४,९८६।- नियम सम्मत नभएको रु. | २,६८४,९८६ |

| क्र.सं. | संस्थाको नाम | भुक्तानी |
|---|---|---|
| १ | मलैवर्मा कृषि तथा पशुपालन सहकारी संस्था शौचालय निर्माण | २३५९११ |
| २ | सिद्दार्थ कृषि तथा पशुपालन सहकारी संस्था भवन | ४८५९०० |
| ३ | भगवती कृषि तथा पशुपालन सहकारी संस्था कम्प्युटर खरिद | ८६००० |
| ४ | श्रमजिवि वचत तथा ऋण सहकारी अनुदान | १३६७७० |
| ५ | जनता कृषि तथा बहुउदेशिय सहकारी व्यवस्थापन | १४५५०० |
| ६ | देउती कृषि तथा बहुउदेशिय सहकारी व्यवस्थापन | ५०००० |
| ७ | राम नगर कृषि तथा पशुपालन सहकारी सोलार खरिद | ३०००० |
| ८ | वि पि कोईराला लोकतान्त्रिक समाजवाद अध्ययन प्रतिष्ठान भवन | १४६६४०५ |
| 9 | चामुण्डा माई बहुउद्धेश्यीय सहकारी | ४८५०० |
| | जम्मा | २६८४९८६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **भैसि प्रवर्धन कार्यक्रम:**<br>पालिकाले भैंसी प्रवर्द्धन कार्यक्रमको लागि साप्ते विताडा भैंसी पालन समूहलाई रु. २ लाख को दरले एक वटा राँगो र रु. १.२०,०००।- का दरले ६ वटा भैंसी खरिद गरी रु.९,२०,०००।– भुक्तानी गरेकोमा उक्त भैंसीपालन समुह दर्ता नभएको, भैंसी तथा राँगामा ट्याग तथा विमा समेत नभएको तथा हाल सो समुहको भैंसी पालनको अवस्था को सम्बन्धमा अनुगमन समेत नभएकोले सो अनुदान उपलब्धि मुलक भए नभएको यकिन गर्न नसकिएकोले सो सम्बन्धमा कार्यालयले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु. | ९२०,००० |
| | 97 | | | |

| ६१ क्रम | भौचर नम्बर | २०७९ ९ १२ भौचर मिति | बिषय | बेरुजु रकम ६२५,००० |
|---|---|---|---|---|
| | | | **अनुदानको अनुगमनः**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका २१ वटा नाफामूलक संस्थालाई रु. ३४२७९११ अनुदान उपलब्ध गराएको छ । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| सि.नं. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १ | जनता कृषि तथा पशुपंक्षी फर्म | बाखा पालन | १४४४८८ |
| २ | विपासा कृषि तथा पशुपंक्षी फर्म | बाखा पालन | ४०००० |
| ३ | काजल कृषि तथा पशुपंक्षी फर्म | बाखा पालन | २९९५५ |
| ४ | देउती कृषि बहुउदेशीय | बाखा पालन | ४९३२९ |
| ५ | आश्मा कृषि तथा पशुपंक्षि फर्म | बाखा पालन | २०५५०० |
| ६ | डि एण्ड के कृषि तथा पशुपंक्षी फर्म | बाखा पालन | ४९८५० |
| ७ | रचना कृषि तथा पशुपंक्षी फर्म | बाखा पालन | ४८५०० |
| ८ | अम्बिका कृषि तथा पशुपंक्षी फर्म | बाखा पालन | ४९९४० |
| ९ | विन्दासैनी कृषि तथा पशुपंक्षि फर्म | बाखा पालन | ४९९४० |
| १० | आ वि कृषि तथा पशुपंक्षी फर्म | बाखा पालन | ६४९७० |
| ११ | युनिक बाखा तथा कुखुरा फर्म | बाखा पालन | ६७८४० |
| १२ | नमूना कृषि तथा पशुपंक्षी फर्म | बाखा पालन | २९१११२ |
| १३ | कर्णाली कृषि तथा पशुपंक्षी फर्म | बाखा पालन | ६२१०३ |
| १४ | खाडावासचौर कृषि तथा पशुपंक्षी फर्म | बाखा पालन | ९४६७४९ |
| १५ | भगवान कृषि तथा नर्सरी फर्म | बाखा पालन | ३६१५८८ |
| १६ | मलैबर्मा कृषि तथा पशुपंक्षी फर्म | बाखा पालन | १४८९६७ |
| १७ | सिता कृषि तथा पशुपंक्षी फर्म | बाखा पालन | ५०००० |
| १८ | विन्द्रासैनी पशुपंक्षी फर्म | बाखा पालन | २९४८४० |
| १९ | रामु कृषि तथा पशुपंक्षी फर्म | बाखा पालन | ९८३५० |
| २० | भगवती कृषि तथा पशुपंक्षी फर्म | बाखा पालन | ८४८०५ |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २१ \| सिदार्थ कृषि तथा पशुपंक्षी फर्म \| बाखा पालन \| ३१९०४०<br>**जम्मा रु** \| ३४२७९११<br>:<br>पोषण सुरक्षाका लागि विपन्न महिलालाई आयआर्जन कार्यक्रम अन्तर्गत कृषि तथा पशुपालन सहकारी संस्थालाई अनुदान स्वरुप भुक्तानी गरिएको रु. ६,२५,०००।- मा प्रयोजन, उपयोग, कार्यसम्पादन गरे नगरेको यकिन हुन सकेन । सम्झौता बमोजिमको कार्य संचालन भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु. | |
| ६२ | | | **सामाजिक सुरक्षाः** | |
| ६२.१ | | | **विवरण पेश तथा समिक्षाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ बमोजिम स्थानीय तहले भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण नगरसभामा पेश गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा र खर्चको समिक्षा गर्नुपर्नेमा पालिकाले सो गरेको देखिएन । | |
| ६२.२ | | | **सामाजिक सुरक्षातर्फ बढी निकासाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको र दोहोरो भुक्तानि भएका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेका छन् । तसर्थ कार्यालयले उपलब्ध गराएको विवरण अनुसार लाभग्राहीको लागि सामाजिक सुरक्षा भत्ता नेपाल एस वि आई बैंक पठाएकोमा यकिन गरि दोहोरो परेको, खाता नखोलेको एवं मृत्यु भएको व्यक्तिको नाम मा समेत भुक्तानी भएको रु ९,९९,५५४।- मौज्दात कायम भएकोले बैङ्क बाट उक्त रकम फिर्ता गरी संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु. | ९९९,५५४ |
| ६२.३ | | | **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी गरेको तथा बुझि लिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यलयमा समेत सार्वजनिक गर्ने व्यवस्था छ । स्थानीय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन । | |
| ६२.४ | | | **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **छोरी सुरक्षा कार्यक्रमः**<br>बैंक खाता छोरीको सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को दफा ४ मा वि. सं. २०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मिएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदा सम्म जन्मेको पहिलो महिनाको रु. १,०००।- र त्यसपछि मासिक रु. ५०० का दरले बैंक खातामा रकम जम्मा गरि दिने व्यवस्था छ । त्यसै गरी कार्यक्रममा सहभागी छोरीले माध्यमिक तहसम्मको अध्ययन पूरा नगरेमा वा अध्ययन विचैमा छोडेमा, २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलब्ध नगराउने समेत उल्लेख भएबाट पालिकाले रकम बैंक खातामा जम्मा गर्नु अघि ती छोरीहरुको स्थिति, अवस्थाका बारेमा स्पष्ट हुनु जरुरी छ । प्रति छोरीको २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने, अनुगमन संयन्त्र बनाउनु पर्नेमा पालिकामा ४३२ जना छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रु. २५ लाख ३५ हजार रकम पठाएको हुँदा वर्षहरुमा थप हुँदै जानेको संख्या समेत अभिलेख तयार गर्ने तर्फ ध्यानाकर्षण हुनुजरुरी देखिन्छ । | |
| ६४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/ बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकीकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकांश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २८६ जनालाई रोजगारी उपलव्ध गराई रु. ३ करोड ७ लाख ४ सय ८७ रुपैयाँ खर्च गरेको छ । लक्षित वर्गलाई औषतमा ११५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | ३,५५५,६८४ |

| वडा नं | कार्यक्रम/ योजना संचालन | रोजगार संख्या | कुल खर्च रकम | तलबमा खर्च भएको रकम |
|---|---|---|---|---|
| १-९ | ४३ | १२६३ | ३०७००४८७ | ८६०१४० |

यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्
:

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **बढी व्ययभारः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री दरभाउ तथा ज्याला निर्धारण गर्दा तोकिएको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रमिकको ज्यालादर दैनिक प्रतिव्यक्ती रु.५७७ हुने गरी निर्धारण गरेकोमा लेखापरीक्षणको क्रममा छनौट गरिएका निम्नानुसारका योजनामा ज्याला दर दैनिक प्रतिव्यक्ती रु. ६६० राखि लागत अनुमान तयार गरी अयोजना लागतलाई रु. ५७७ ले भाग गरी आउने संख्या अनुसारको डोर हाजिरी तयार गरी निम्नानुसारको भुक्तानी गरेकोले बढी आर्थिक व्ययभार परेको रु. | |

| क्र.सं. | योजनाको नाम | ज्यालामा भुक्तानी | हुनुपर्ने भुक्तानी | बढी |
|---|---|---|---|---|
| १ | मष्टा मन्दिर निर्माण | ४०३९०० | ३५३१०७ | ५०७९३ |
| २ | वडा नं ८ मा गोरेटो बाटो निर्माण | ४०३९०० | ३५३१०७ | ५०७९३ |
| ३ | गोराडाडा राजिआम मेहेलटाकुरा सडक निर्माण | ४०३९०० | ३५३१०७ | ५०७९३ |
| ४ | लामिडाँडा देखि चाम्रेकोट सम्म सडक निर्माण | ४०७२०० | ३५५९९२ | ५१२०८ |
| ५ | रामगाड लामादुयाला प्रतिक्षालय निर्माण | ४०३९०० | ३५३१०७ | ५०७९३ |
| ६ | विपिकोइराला प्रतिष्ठान | ४०३९०० | ३५३१०७ | ५०७९३ |
| ७ | सहकारीको भवन निर्माण साझेदारी | ४०३९०० | ३५३१०७ | ५०७९३ |
| ८ | न्यौपाने कुलदेवताको मन्दिर निर्माण | ४२२२१६ | ३६९११९ | ५३०९७ |
| ९ | पालेताडा विशालबजार सडक | १०१२२४८ | ८८४९५० | १२७२९८ |
| १० | खापरथान बडाला आमरूख गारेटोबाटो | १००६१७६ | ८७९६४२ | १२६५३४ |
| ११ | देवकोटा देखी चाल्ने सम्म सडक | १०१००१६ | ८८२९९९ | १२७०१७ |
| १२ | वडा नं ६ मा पातिकाल्ला वडागाँउ सालसैन कोलखेत गोरेटो बाटो | ५१९३०० | ४५३९९४ | ६५३०६ |
| १३ | वडा नं ४ मा पर्ने डाबखोला ढयान रावतबाडा गोरेटो बाटो | ४९६२२० | ४३३८१७ | ६२४०३ |
| १४ | वडा नं ८ मा काप्रा तिर्तेखाली गोरेटो बाटो निर्माण | ७८६५२० | ६८७६०९ | ९८९११ |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १५ | विद्यामन्दिर वालविकास केन्द्र भवन निर्माण | ७३०१७० | ६३८३४६ | ९१८२४ | | |
| | | | | १६ | हाडाकोट बुहाधार खाताडा गोरेटोबाटो | ५०५८२४ | ४४२२१३ | ६३६११ | | |
| | | | | १७ | विस्कुना टमटावाडा स्वास्थ्य चौकि | २५८६३६ | २२६१११ | ३२५२५ | | |
| | | | | १८ | कर्णालि जनचेतना आ.विको फिल्ड | ५७६६०० | ५०४०८८ | ७२५१२ | | |
| | | | | १९ | पिपलचौर लैनचौर सडक निर्माण | १०१४०६६ | ८८६५४० | १२७५२६ | | |
| | | | | २० | वडा नं.६ मा गर्जे फटतला गोरेटो बाटो | १०१४१८७ | ८८६६४५ | १२७५४२ | | |
| | | | | २१ | वडा नं.५ मा मर्ने हाडेतिदु त्रिपुरा सुन्दरी बाटो | १०१५२०० | ८८७५३१ | १२७६६९ | | |
| | | | | २२ | वडा नं.म ३ मा चाम्रेकोट लामीडाँडा सडक निर्माण | १०१५२०० | ८८७५३१ | १२७६६९ | | |
| | | | | २३ | वडा नं १ मा पर्ने कोलडाँडा ध्याप सडक | १०१५२०० | ८८७५३१ | १२७६६९ | | |
| | | | | २४ | खाताडा बिन्द्रासैनि गोरेटो बाटो निर्मा | १०१४३०० | ८८६७४४ | १२७५५६ | | |
| | | | | २५ | वडा नं.९ मा स्याल धारा नावधारा गोरेटो बाटो निर्माण | १००७७३० | ८८१००० | १२६७३० | | |
| | | | | २६ | मानिपाटा लामाडाँडा सडक मर्मत तथा िनिर्माण | १०१००१६ | ८८२९९९ | १२७०१७ | | |
| | | | | २७ | वडा नं७ मा काप्रिगाँउ चिसाखोला सडक निर्माण | १०१४६९६ | ८८७०९० | १२७६०६ | | |
| | | | | २८ | गैरा तल्लो खोड गोरेटो बाटो निर्माण | १०१३४०० | ८८५९५७ | १२७४४३ | | |
| | | | | २९ | भिमान्म मान्म हुदै सिरुडाँडा पाल्त सम्म मोटरबाटो निर्माण | १०१५२०० | ८८७५३१ | १२७६६९ | | |
| | | | | ३० | बास्टाना सल्लेरी देउराली सम्म सडक निर्माण | ४८५८३४ | ४२४७३७ | ६१०९७ | | |
| | | | | ३१ | राम्ती देखी तिवारी टोल हुदै डाडखोरियाँ सडक निर्माण | ४६४४८५ | ४०६०७२ | ५८४१३ | | |
| | | | | ३२ | सिरौल दोभान देखि भैरव मन्दिर सडक निर्माण | ९७४३४० | ८५१८०९ | १२२५३१ | | |
| | | | | ३३ | सावलगाडे गुवालसिम गोरेटो बाटो निर्माण | ७५७००८ | ६६१८०९ | ९५१९९ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३४ | लाक्षी भौन सियाली सडक निर्माण | ७८४७४२ | ६८६०५५ | ९८६८७ | | |
| | | | | ३५ | हिमाल मा वि तिजडाँडा कालिका मन्दिर घेरवार तथा फिल्ड निर्माण | ३४४९४० | ३०१५६१ | ४३३७९ | | |
| | | | | ३६ | तिजडाँडा देखी ओख्रनी विद्यालय सम्म सडक मर्मत | ३४५२२८ | ३०१८१३ | ४३४१५ | | |
| | | | | ३७ | सल्लेरी पाल्ते मोटर बाटो मर्मत | ५४८१०० | ४७९१७२ | ६८९२८ | | |
| | | | | ३८ | भुवाटाकुरा सामुदायिक भवनको फिल्ड पर्खाल रभुवाटाकुरा सामुदायिक भवन | ७०१२४६ | ६१३०५९ | ८८१८७ | | |
| | | | | ३९ | देउती थान फिल्ड निर्माण | २६१९०० | २२८९६४ | ३२९३६ | | |
| | | | | ४० | रिङ्गरोड स्वास्थ्य चौकी जाने बाटो निर्माण | ५७३२८ | ५०११९ | ७२०९ | | |
| | | | | ४१ | खापरथान चिल्डेन पार्क | ३४५१२० | ३०१७१९ | ४३४०१ | | |
| | | | | ४२ | बलामपुर भैरमथान काँडँधारा कोलडाडा गोरेटो बाटो निर्माण | ४९६२२० | ४३३८१७ | ६२४०३ | | |
| | | | | ४३ | वडा कार्यालय भवन निर्माण ३ न० | ४०३९०० | ३५३१०७ | ५०७९३ | | |
| | | | | जम्मा | | २८२७४११२ | २४७१८४२८ | ३५५५६८४ | | |
| ६५ | | | **राजश्व अभिलेखः**<br>कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा विवरण सहित नगद जम्मा भएको प्रमाण पालिकामा आएको देखिएन । अघिल्लो आर्थिक वर्षको रसिद बाँकी के कति छन यकिन भएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । राजस्व असूल एवं दाखिला सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **राजश्व दाखिलाः**<br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ९ वटा वडा पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | ३९ | २०७९-३-२५ | **रेडियो नगरशिक्षा:**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा मा विल भरपाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था छ। पालिकाले रेडियो मार्फत सिकाई सहजिकरण गरेवापत निम्नानुसार ११ जना शिक्षकहरुलाई प्रति कक्षा रु.५०० का दरले जम्मा रु.१,०३,०००।– भुक्तानी गरेकोमा कुन मिति र समयमा कुन विषयको सिकाई गरेको हो सो खुल्ने प्रमाण पेश नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु. | १०३,००० |

| क्र.सं. | शिक्षकको नाम | कक्षा संख्या | भुक्तानी |
|---|---|---|---|
| 1 | रछाने लोहार | २६ | १३००० |
| 2 | तिलक प्र शर्मा | १८ | ९००० |
| 3 | उपेन्द्रकुमार शाही | १८ | ९००० |
| 4 | नमनकुमार शाही | १८ | ९००० |
| 5 | भुवन कुमारी शाही | १८ | ९००० |
| 6 | सुरजकला बुढा | १८ | ९००० |
| 7 | नरेन्द्र प्रसाद चौलागाई | १८ | ९००० |
| 8 | लोकेन्द्रकुमार शाही | १८ | ९००० |
| 9 | भरतबहादुर बोहोरा | १८ | ९००० |
| 10 | तिलक प्रसाद न्यौपाने | १८ | ९००० |
| 11 | तिलकबहादुर शाही | १८ | ९००० |
| | जम्मा | | १०३००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **भ्रमण खर्चः**<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>· अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । | ५२,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ·नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>·भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>·कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/ गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>·स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।<br>:<br>**नगर प्रमुख भ्रमण:** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १२ अनुसार अनुसुचि २ को द्रस्टव्य बमोजिम सरकारी कामकाजकोलागि जिल्ला बाहिर भ्रमण गरेको अवस्थामा मात्र अनुसुचि बमोजिमको दैनिक भ्रमण भत्ता उपलब्ध हुने व्यवस्था छ । नगरप्रमुख सुर्यबहादुर शाहीले यस वर्षभरिमा जम्मा १४८ दिन भ्रमण गरी रु. २,९२,०००।- भुक्तानी लिएको देखिएको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.सं. | भ्रमण मिति | | स्थान | भुक्तानी |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | २०७८।४।३ | २०७८।४।९ | सुर्खेत | १२५०० |
| २ | २०७८।४।११ | २०७८।४।१७ | दैलेख | १२५०० |
| ३ | २०७८।४।१८ | २०७८।४।२१ | दैलेख | १२५०० |
| ४ | २०७८।५।२ | २०७८।५।९ | दैलेख | १४५०० |
| ५ | २०७८।५।१३ | २०७८।५।१९ | सुर्खेत | १२५०० |
| ६ | २०७८।५।२३ | २०७८।५।२९ | सुर्खेत | १२५०० |
| ७ | २०७८।७।७ | २०७८।७।१३ | सुर्खेत | १२५०० |
| ८ | २०७८।८।४ | २०७८।८।१० | सुर्खेत | १२५०० |
| ९ | २०७८।८।१२ | २०७८।८।१८ | सुर्खेत | १२५०० |
| १० | २०७८।९।२३ | २०७८।९।२९ | सुर्खेत | १२५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ११ | २०७८।१०।२ | २०७८।१०।८ | सुर्खेत | १२५०० |
| १२ | २०७८।१०।११ | २०७८।१०।१७ | सुर्खेत | १२५०० |
| १३ | २०७८।१०।१९ | २०७८।१०।२५ | सुर्खेत | १२५०० |
| १४ | २०७८।११।२ | २०७८।११।८ | सुर्खेत | १२५०० |
| १५ | २०७८।११।१० | २०७८।११।१६ | सुर्खेत | १२५०० |
| १६ | २०७८।११।१९ | २०७८।११।२५ | सुर्खेत | १२५०० |
| १७ | २०७८।१२।५ | २०७८।१२।११ | सुर्खेत | १२५०० |
| १८ | २०७८।१२।१५ | २०७८।१२।२१ | सुर्खेत | १२५०० |
| १९ | २०७८।१२।२४ | २०७८।१२।३० | दैलेख | १२५०० |
| २० | २०७९।१।३ | २०७९।१।९ | सुर्खेत | १२५०० |
| २१ | २०७९।१।११ | २०७९।१।१७ | सुर्खेत | १२५०० |
| २२ | २०७९।१।१९ | २०७९।१।२५ | सुर्खेत | १२५०० |
| २३ | २०७९।१।२५ | २०७९।१।२९ | सुर्खेत | ८५०० |
| २४ | २०७९।२।१ | २०७९।२।४ | सुर्खेत | ६५०० |
| | जम्मा | | | **२९२०००** |

उल्लेखित तालिकाको क्र.सं. मा उल्लेख भएबमोजिम २,३,४ र १९ मा दैलेख भ्रमण गरी भ्रमण भत्ता भुक्तानी गरेकोमा ऐनमा भएको व्यवस्था विपरीत जिल्ला भित्र भ्रमण गरी भुक्तानी गरेको रु.५२,०००।- असुल गर्नुपर्ने रु.

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | **विपद व्यवस्थापनः**<br><br>• **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।<br>• **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७९ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।<br>• **विपद व्यवस्थापन कोषः** विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३ (१४) मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोष रहने र कोषमा रहने काम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले यस वर्षको आम्दानी रु. २१ लाख २८ हजार र रु. २० लाख २१ हजार खर्च गरी बाँकी रु. १ लाख ७ हजार देखिन्छ । | |
| ७० | | | **कर दस्तुर एवं आन्तरिक आयः** | |
| ७०.१ | | | **आय ठेक्कामा मूल्य अभिवृद्धि कर-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं. ३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाको वडा नं ८ स्थित पादुका खोलाको ढुंगा, गिट्टी र बालुवा उत्खनन, संकलन तथा विक्री वितरणका लागि टेन्डर मार्फत कबोल अंक रु. ८,००,०००।- मा मूल्य अभिवृद्धि कर सहित रु. ९,०४,०००।- हिमाल कन्स्ट्रक्सनले जम्मा गर्नुपर्नेमा रु. ८,००,०००।- मात्र जम्मा गरेको देखियो । मूल्य अभिवृद्धि कर वापत थप रकम रु. १,०४,००० ।- दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु. | १०४,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७०.२</td><td></td><td></td><td>दोहोरो विजक: मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि कर मा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा अनुसुची ५ (क) वमोजिमको ढाँचामा करविजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । निम्नानुसारको फर्महरुले पेश गरेको विजकमा एउटै नं. र मिति उल्लेख गरेको देखिएकोले कुन चाहीँ विजक सक्कली हो भनेर छुट्टाउने आधार भएन । एउटा फर्मले एक आर्थिक वर्षमा एउटा नं. को विजक एउटा मात्र जारी गर्न सक्नेमा एकै नं. दुई वटा विजक जारी गरेको देखिएकोले फर्मले नक्कली ठेली समेत छपाएको छैन भन्ने आधार रहेन । यस सम्बन्धमा सम्बन्धित निकायले छानबिन गरी निम्नानुसारका विजक हरूबाट संकलन गरीएको मुल्य अभिवृद्धि कर रकम सम्बन्धित आन्तरीक राजस्व कार्यालय बाट समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>फर्मको नाम</th><th>स्थायी लेखा नं.</th><th>विजक नं.</th><th>मिति</th><th>विजक रकम</th><th>मु.अ. कर</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>क्लीन स्टार मल्टि सर्भिसेज प्रा.ली.</td><td>६०६८०७८२१</td><td>८</td><td>२०७८।९।१८</td><td>३३६६०</td><td>४३७१.९</td><td>एउटै नं. र मितिको विजक २ पटक काटको</td></tr>
<tr><td>२</td><td>क्लीन स्टार मल्टि सर्भिसेज प्रा.ली.</td><td>६०६८०७८२१</td><td>८</td><td>२०७८।९।१८</td><td>३३६६०</td><td>४३७१.९</td><td>एउटै नं. र मितिको विजक २ पटक काटको</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>८७४३.८</td><td></td></tr>
</table></td><td>८,४७३.८</td></tr>
<tr><td>७०.३</td><td></td><td></td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>४२९१३३५२८</td><td>४७७५०३९</td><td>१.१</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक कर संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७०.४</td><td></td><td></td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>१८०००००</td><td>१००००००</td><td>५६</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>१०००००</td><td>१०००००</td><td>१००</td></tr>
<tr><td>व्यवसाय कर</td><td>१०००००</td><td>१०००००</td><td>१००</td></tr>
<tr><td>वहाल विरौटी शुल्क</td><td>८०००००</td><td>८०००००</td><td>१००</td></tr>
<tr><td>न्यायीक दण्ड</td><td>१०००००</td><td>१०००००</td><td>१००</td></tr>
<tr><td>अन्य</td><td>११०००००</td><td>२६७५०३९</td><td>२४३</td></tr>
<tr><td>जम्मा</td><td>४००००००</td><td>४७७५०३९</td><td>११७</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७०.५</td><td></td><td></td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा यस वर्ष रु. ४७ लाख ७५ हजार ३९ अर्थात अनुमानको १२० प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आय वृद्धि गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण बाट कायम बेरुजुः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७१.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९( ५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्याई गर्ने बील भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । यसका साथै सोही नियमावलीको ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवाश्यक बील, भरपाई, र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने कुरा उल्लेख गरेको छ । पालिकाले तपशिलमा उल्लिखित सामाग्री खरिदमा विद्यालयलाई बढी भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं / मिति</th><th>विद्यालयको नाम</th><th>विवरण</th><th>कार्यसम्पन्न अनुसार</th><th>भुक्तानी</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>२३।२०७९।३।२५</td><td>विन्द्रासैनी मा वि</td><td>आ ई सि टी तथा लाईब्रेरी व्यवस्थापन</td><td>६२१४९०</td><td>६५००००</td><td>२८५१०</td></tr>
<tr><td>२४।२०७९।३।२५</td><td>भैरव मा वि</td><td>आ ई सि टी तथा लाईब्रेरी व्यवस्थापन</td><td>६२०९८६</td><td>६५००००</td><td>२९०२४</td></tr>
<tr><td>२५।२०७९।३।२५</td><td>जयदेव मा वि</td><td>आ ई सि टी तथा लाईब्रेरी व्यवस्थापन</td><td>६२०७५४</td><td>६३०५००</td><td>९७४६</td></tr>
<tr><td colspan="5">जम्म रु</td><td>६७२८०</td></tr>
</table></td><td>६७,२८०</td></tr>
<tr><td>७१.२</td><td></td><td></td><td>बाख्रा खरिद: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) बमोजिम पेश्की फस्र्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फस्र्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक १०% का दरले ब्याज लगाई समेत असुल गरिने भन्ने उल्लेख छ । तर यस पालिकाले सामाजिक परिचालक श्री देव बहादुर नेपालीलाई बाख्रा खरिद गरी वितरण गर्नका लागि रु. ७५,०००।- पेश्की दिइएकोमा समयमा पेश्की फस्र्यौट नभएको साथै कुनै पनि बाख्रा खरिद गरेको प्रमाण नभेटएको एवं निजले कार्यालय छोडि अन्यत्रै बसोबास गरिसकेकाले कार्यालय स्वयं जिम्मेवार भई सम्बन्धित बाट ब्याज सहित असुल गर्नुपर्ने रु.</td><td>८२,५००</td></tr>
<tr><td>७१.३</td><td>32</td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा विल भरपाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालय सामग्री खरिद एस.एस. टेडर्स एण्ड जनरल अर्डर सप्लायर्सलाई भुक्तानी गर्दा फोटोकपी विल संलग्न गरी रकम भुक्तानी गरेकोले सक्कल प्रमाण संलग्न गरी नियमित गर्नुपर्ने रु.</td><td>२९४,०४०</td></tr>
<tr><td>७१.४</td><td>४३५</td><td>२०७९-३-२५</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा विल भरपाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था छ । वडा स्तरिय अनुगमन तथा मूल्याङ्कन कार्यक्रममा खरिदार चेतन कुमार अधिकारी प्रतिवेदन लेखन वापत बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>३,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७१.५</td><td></td><td></td><td>राहत वितरणः उध्दार, राहत तथा पुनः स्थापना खर्च वापत कार्यालयले भुक्तानी गरेको रकम रु. १६,००,०००।– देखिन्छ तर राहतका लागि सिफारिस भएका ३२ परिवार मध्ये ३ परिवारले राहतका लागि आवश्यक प्रक्रिया पूरा नगरेकाले बाँकी २९ परिवारले रकम रु. ५०,०००।– का दरले रकम रु. १४,५०,०००।– भुक्तानी हुनुपर्नेमा सो नगरी राहतका लागि छनौट नभएका परिवार मिना अधिकारीलाई रु. १,५०,०००।– भुक्तानी गरेकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>६१२,५७९</td></tr>
<tr><td>७२</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br>रकम रु हजारमा
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr>
<tr><td>१५०७१४</td><td>०</td><td>१५०७१४</td></tr>
</table></td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>अद्यावधिक वेरुजु<br>यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ<br>रकम रु हजारमा
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>१५०७१४</td><td>०</td><td>१०१३८७</td><td>०</td><td>२५२१०१</td></tr>
</table></td><td></td></tr>
</table>